# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राईनास नगरपालिका
## लमजुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

राईनास नगरपालिका

लमजुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

राईनास नगरपालिका

लमजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेठ** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. २५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

राईनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

लमजुङ।

१. **कैफियत सहितको राय —** हामीले राईनास नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड १५ लाख ७२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ११ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १४ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ७९ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६७ लाख ८४ हजार र पेश्की बाँकी रु. ५४ लाख १८ हजार समेत रु ३ करोड १५ लाख ६१ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष सम्म रु. ११ करोड ७४ लाख ८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. १४ करोड ८९ लाख ६९ हजार रहेको छ ।नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्न राईनास नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**जयराम घिमिरे**

**नायब महालेखापरीक्षक**

# राईनास नगरपालिका

## लमजुङ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४३ | ९३ | ३१५७२ | ० | ८ | ११ | ४३ | ८२ | ३१५६१ | १४४० | १६७८४ | ७९१९ | | ० | ० | ५४१८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | ११७४०८ | ० | ० | ११७४०८ | ० | ३१५६१ | १४८९६९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ३७ | वढी भुक्तानी | ११००० |
| | चालु वर्षको जम्मा | | | ११००० |
| | गत विगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | ११००० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १० वडा, ७१.९७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८५२७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।०९ देखि २०८०।१०।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय – व्यय र सम्पत्ति तथा दायित्व सम्वन्धी बिष्तृत विवरण अनुसूची -१ मा संलग्न रहेको छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३२७३४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी भत्ता भुक्तानी | १०२०० |
| २ | नापी परिमाण भन्दा वढी भुक्तानी | २२५३४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **संचित कोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७९।०८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न बमोजिम रहेको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | यस वर्षरु. | | | गतवर्ष रु. | |
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६७४५७०३४४ | ५७९६७६६५५ | ५७९६७६६५५ | ४७९५८०८४५ | ४७९५८०८४५ |
| क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ६४७४२७०८० | ५४४७१०६३१ | ५४४७१०६३१ | ४६२५५५०५० | ४६२५५५०५० |
| ११०००कर | ८८८९५००० | ७५४९३७७१ | ७५४९३७७१ | ६९१५७५२८ | ६९१५७५२८ |
| १३०००अनुदान | ५११५८३०००० | ४६१७५५५६२ | ४६१७५५५६२ | ३८७१०८३५७ | ३८७१०८३५७ |
| संघीयसरकार | ४७९१२८००० | ४४०६०६८१२ | ४४०६०६८१२ | ३७२२२५३५७ | ३७२२२५३५७ |
| प्रदेशसरकार | ३२४५५००० | २११४८७५० | २११४८७५० | १४८८३००० | १४८८३००० |
| १४०००अन्य राजस्व | ६७४९०८० | ७२०३०६१ | ७२०३०६१ | ५७१०५८५ | ५७१०५८५ |
| १५०००विविध प्राप्ति | २००००० | २५८२३८ | २५८२३८ | ५७८५८० | ५७८५८० |
| ३२०००वित्तीय सम्पत्ति | ४०००००००० | ० | ० | ० | ० |
| ख.अन्य प्राप्ति | २७१४३२६४ | ३४९६६०२४ | ३४९६६०२४ | १७०२५७९५ | १७०२५७९५ |
| वितरणगर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | २७१४३२६४ | २५४५८९४९ | २५४५८९४९ | १२८०६३६४ | १२८०६३६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | ० | ९५०७०७५ | ९५०७०७५ | ४२१९४३१ | ४२१९४३१ |
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६७४५७०३४४ | ५७३०५९४२२ | ५७३०५९४२२ | ४७९५२०९१७ | ४७९५२०९१७ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | ६४७४२७०८० | ५५७९५५९०९ | ५५७९५५९०९ | ४६३८०३३४७ | ४६३८०३३४७ |
| २१००० पारिश्रमिक / सुविधा | २८१०३८००० | २५९०८५५६९ | २५९०८५५६९ | २२६५०५९३२ | २२६५०५९३२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ७९६३७००० | ५९५९०८११ | ५९५९०८११ | ८५२५३०५६ | ८५२५३०५६ |
| २५००० सहायता (Subsidy) | २७२९३००० | २५६५१६८५ | २५६५१६८५ | ९३७३७८१ | ९३७३७८१ |
| २६००० अनुदान | ० | ० | ० | ५४१३९५ | ५४१३९५ |
| २७००० सामाजिक सूरक्षा | १२११२००० | ८४०४४०६ | ८४०४४०६ | ५४१५५१३ | ५४१५५१३ |
| २८००० अन्य खर्च | १८५२००० | १०४१०६७ | १०४१०६७ | ९५७८०० | ९५७८०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २४५४९५०८० | २०४१८२३७१ | २०४१८२३७१ | १३५७५५८७० | १३५७५५८७० |
| घ.अन्य भूक्तानी | २७१४३२६४ | १५१०३५१३ | १५१०३५१३ | ४७९५२०९१७ | ४७९५२०९१७ |
| कोषहरु | २७१४३२६४ | १४२९१९३८ | १४२९१९३८ | १३५७६८८७ | १३५७६८८७ |
| धरौटी | ० | १२३०८५९ | १२३०८५९ | २१४०६८३ | २१४०६८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी | | -४१९२८४ | -४१९२८४ | | |
| ङ.यो वर्षको बचत(न्युन) | | ६६१७२३३ | ६६१७२३३ | ५९९२८ | ५९९२८ |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५८५७९६२५ | ५८५७९६२५ | ६०४८३३६७ | ६०४८३३६७ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | | ६५१९६८५८ | ६५१९६८५८ | ६०५४३२९५ | ६०५४३२९५ |
| बैंकतथा नगद बाकी | | ५६४७८७१० | ५६४७८७१० | ५५८३३५०५ | ५५८३३५०५ |

अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको आम्दानी तथा खर्चः

| **आम्दानी शीर्षक** | **रकम** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|---|
| सामाजिक सूरक्षा भत्ता | ११५६८६४३६ | सामाजिक सूरक्षा भत्ता | ११५६८६४३६ |
| एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ५८६७२००० | गरीवसँग विश्वश्वर कार्यक्रम | ५८६७२००० |

३ **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• पालिकाको सुत्रको वित्तीय प्रतिवेदनमा गत वर्षको वैक तथा नगद वाँकी मौज्दात रु. ५५८३३५०५ देखिएकोमा पालिकाले यस वर्ष रु.५८५७९६२५ जिम्मेवारी सारेको देखिन्छ। वैक तथा नगद वाँकि रहेको रकम सम्पुर्ण जिम्मेवारी सार्नुपर्नेमा बढी जिम्मेवारी सारेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार गरी अद्यावधिक गर्नुपर्नेमा तयार गरेको देखिएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। तोकिएको ढाँचामा लेखा राख्नुपर्दछ।

एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शीर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन। अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन।

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको तथा इ टीडिएस गरेको देखिएन।

• कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शीर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता नराख्दा कुन योजनामा कति कन्टिन्जेन्सी खर्च भयो एकिन गर्न सकिएन।

• निजामती सेवा ऐन, २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नु पर्नेमा गरेको पाईएन ।

• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको देखियो। नियमावलीले उल्लेख गरे अनुसार गर्नुपर्ने देखियो।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको देखिएन।

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख राखेको देखिएन,

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता

समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गर्ने गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरीसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

• सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७१ मा भत्ता प्राप्त गरीरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सूरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,

• सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सूरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,

• सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,

• सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सूरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **कर्मचारी व्यवस्थापन र पदपूर्तिको अवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४८ जना स्थायी पदपूर्ती भएको र ९ जना करारमा पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, लेखा अधिकृत सहित पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

६ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न पदमा २६ कर्मचारी करारमा राखि तलब भत्ता वापत रु ८८०४२५०। खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाको नगर प्रहरी, चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बँगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद बाहेक कृषि प्राविधिक, भेटेरिनरी डाक्टर, स्वास्थ्य पाँचौ तथा चौथो ७ जना आयुर्वेदिक चौथो २ जना, रोजगार संयोजक १, रोजगार सहायक १, प्राविधिक सहायक १, बर्थिङ सेन्टरमा अ.न.मी. ५ कर्मचारी नियुक्ती गरी रु ७२९६२०५। तलब तथा भत्तामा खर्च लेखेको छ। तोकिएको रिक्त पदमा ऐन बमोजिम पदपुर्ति हुनुपर्दछ।

७ **स्वीकृत दरवन्दी वाहिर करार सेवा** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने व्यवस्था छ। स्वीकृत दरवन्दी भन्दा वाहिरका देहाय बमोजिमका कर्मचारीहरु राखी देहायअनुसार खर्च लेखेको छ। स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको अनियमित देखिएको रु

| **सि न** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | ल्याव असिस्टेन्टको रुपमा ईशा चलुवाललाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| २ | ल्याव असिस्टेन्टको रुपमा सुमन अलियालाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ३ | अहेवको रुपमा सुमित्रा गुरुङलाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ४ | अहेवको रुपमा शर्मिला रेग्मीलाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ५ | अहेवको रुपमा मनिषा गुरुङलाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ६ | अ न मी को रुपमा दिपा पौडेललाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ७ | अ हे ब को रुपमा लीलावती न्यौपानेलाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ८ | अ हे ब को रुपमा मोनिका अधिकारीलाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ९ | अ न मी को रुपमा लक्ष्मी थापालाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| १० | अ न मी को रुपमा सञ्जु श्रेष्ठलाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| ११ | अ हे ब को रुपमा शर्मिला गिरीलाई मासिक २७००० का दरले चाडपर्व समेत | ३५१००० |
| जम्मा | | ३८६१००० |

| | |
|---|---|
| अनियमित भएको | ३८,६१,००० |

८ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ६७० वटा मृत्यु दर्ता १९० वटा, विवाह दर्ता २८३ वटा, सम्बन्धबिच्छेद दर्ता ४३ वटा, बसाईसराई ३०८ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो। पालिकाले नाता प्रमाणित, नागरीकता सिफारिस, आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

९ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनुका साथै अभिलेख राख्नु पर्दछ।

१० **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ८ ऐन, ६ नियमावली ३३ कार्यविधि ३ मापदण्ड २ निर्देशिका विधेयक ३ गरी जम्मा ५५ वटा ऐन कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

११ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यस आर्थिक वर्षमा ३८ विवाद दर्ता भएकोमा कुल जम्मा ४५ मध्ये यस वर्ष २९ वटा मात्र फछ्र्यौट भई १६ वटा विवाद फछ्र्यौट हुन बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही गरी टुङ्गो लगाउनुपर्दछ।

१२ **अनुत्पादक एवं वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।यस पालिकाले वार्षिक बजेटबाट नगरपालिका गित निर्माण, विभिन्न समुहहरुको फर्निचर व्यवस्थापन लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन।पालिकाले यस्तो खर्च नियन्त्रणगरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केही उदाहरण देहायअनुसार छनः

| भौ न | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| ३१।२०७९।६।१२ | तिज कार्यक्रम | नव ज्योती आमा समुह | १००००० |
| ३७।२०७९।६।१२ | तिज कार्यक्रम | लक्ष्मण शाही | ३०००० |

| | | | |
|---|---|---|---|
| ४८।२०७९।६।१२ | आर्थिक सहायता | लमजुङ नेत्रहिन संघ | १५००० |
| १०२।२०७९।७।५ | तिज कार्यक्रम | वडा नं ६ आमा समुह | ३०००० |
| ११२।२०७९।७।६ | मौला पुजा | मन बहादुर गुरुङ | १५००० |
| ११८।२०७९।७।६ | मौला पुजा | राम बहादुर नेपाली | १५००० |
| १५७।२०७९।७।२३ | मौला पुजा | राम बहादुर नेपाली/ वेद नारायण श्रेष्ठ | २६२३५ |
| १५५।२०७९।७।२३ | रोपाईजात्रा तथा लाखे नाँच | प्रेम कुमार श्रेष्ठ | १५००० |
| १५८।२०७९।७।२३ | आर्थिक सहायता | नेपाल कम्न्यूष्ट पार्टी | २५००० |
| १६५।२०७९।७।२५ | खेलकुद संचालन वडा नं ५ | विवेक भट्ट | २०००० |
| १९६।२०७९।८।१२ | जिल्लास्तरिय कराँते संचालन | प्रथम राइनास जिल्लास्तरिय कराँते | ३०००० |
| २१८।२०७९।८।१९ | आर्थिक सहायता | योङ्ग कम्न्यूष्ट लिग नेपाल | २०००० |
| २१९।२०७९।८।१९ | तिज कार्यक्रम | दिल माया गुरुङ वडा नं ४ | ३०००० |
| २२३।२०७९।८।२१ | पुरुष खुला भलिवल | धमिलिकुवा युथ क्लव | ८०००० |
| २३३।२०७९।८।२८ | खेलकुद संचालन | वोराङखोला खेलकुद विकास समिति | ११०००० |
| २३९।२०७९।९।३ | लाखे नाँच | नेवार समुदाय उत्थान समाज | ३०००० |
| २४०।२०७९।९।३ | आर्थिक सहायता/ सदस्यता नविकरण | नेपाल नगरपालिका संघ | ३५००० |
| २५६।२०७९।९।१३ | भलिवल खेल संचालन | शिवशक्ति युवा क्लव | ७०००० |
| २८३।२०७९।१०।४ | फुटवल खेल संचालन | वोराङखोला खेलकुद विकास समिति | ४०००० |
| ३२१।२०७९।१०।२४ | संस्कृति संरक्षण | कुमाल समाज राइनास | ५०००० |
| ३३४।२०७९।१०।२९ | गोरु जुधाइ कार्यक्रम | जगदिश राज पाण्डे | ३५००० |
| ३८६।२०७९।१२।७ | अन्य सस्था सहायता | निजानन्द जागनी अभियान नेपाल | ३०००० |
| ४१२।२०७९।१२।२१ | दोश्रो राइनास कप फुटवल प्रतियोगिता | गौलिटार क्षेत्रीय खेल मैदान समिति | ८००००० |

| | | | |
|---|---|---|---|
| ४६५।२०८०।१।२१ | माघी पर्व कुमाल समाज राइनास | कुमाल समाज राइनास | ७५००० |
| | आर्थिक सहायता | नेपाल विद्यार्थी संघ मर्स्याङ्दी बहुमुखी क्याम्पस | २५००० |
| ४८०।२०८०।१।२८ | मन्दिर निर्माण | शिवालय मन्दिर निर्माण उपभोक्ता समिति | ५०००० |
| ४८८।२०८०।२।१ | पदाधिकारी तथा कर्मचारीको अध्ययन अनुगमन भ्रमण | राइनास नगरपालिका | ४५८४०० |
| ५०६।२०८०।२।६ | तमु ल्होसार | कर्मदा तमु समाज | ७५००० |
| ५४७।२०८०।२।२३ | राष्ट्रिय महिला अधिकार दिवश | वडा नं ४ | २५००० |
| ६०१।२०८०।३।११ | संस्कृति संरक्षण | सिर्जनशिलता महिला समुह | ५०००० |
| ६३६।२०८०।३।१६ | संस्कृति संरक्षण | सुनकेशरी तमु समाज | ७३८७५ |
| ६६४।२०८०।३।१९ | संस्कृति संरक्षण | इन्द्रकला आमा समुह | ५०००० |
| ७०६।२०८०।३।२३ | संस्कृति संरक्षण | सिर्जनशिल आमा समुह | ५०००० |
| ७२१।२०८०।३।२४ | नगरस्तरिय खेलकुद प्रतिस्पर्धा | सभ्य सिर्जन युवा क्लव | ११०००० |
| जम्मा | | | २६९३५१० |

१३ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शीर्षकवाट रु. १४ लाख ९८ हजार खर्च लेखेको छ। तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।

१४ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) जिल्लास्थित सरकारी कार्यालयहरुको तलबी प्रतिवेदन सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस आर्थिक वर्षमा स्वास्थ्य तर्फका कर्मचारीको तलवमा रु. २ करोड १४ लाख ६८ हजार र पालिका तर्फका अन्य कर्मचारीहरुको तलवमा रु. २ करोड ७५ लाख १०

हजार गरी जम्मा रु. ५ करोड २४ लाख ६४ हजार खर्च गरेकोमा उक्त खर्च लेख्नु अगावै ऐनमा भएको व्यवस्था बमोजिम तलवी प्रतिवेदन पारित गराएको छैन। पालिकाले ऐनमा भएको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्दछ।

१५ **पदाधिकारी सुविधा -** गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुथिधा पाउने व्यवस्था गरेको छ। नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु. १३५५२२२६ पदाधिकारी सुविधा भुक्तानी गरेको छ ।

१६ **वितरणमुखी पूँजीगत खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। पालिकाले वार्षिक बजेटबाट विभिन्न समुहहरुको भवन निर्माण, मर्मत तथा फर्निचर व्यवस्थापन लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। गाउँपालिकाले यस्तो खर्च नियन्त्रणगरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केही व्यहोराः

| भौ न | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| ४० | चम्पावती आमा समुह | भवन मर्मत तथा निर्माण | १००००० |
| ४३ | सिर्जनशील आमा समुह | भवन निर्माण तथा मर्मत | १००००० |
| ४५ | हिमचुली आमा समुह | भवन निर्माण तथा मर्मत | १५०००० |
| ४८ | जेठाक आमा समुह | भवन निर्माण तथा मर्मत | ८९१२० |
| ६० | अकला आमा समुह | भवन निर्माण तथा मर्मत | १००००० |
| ६४ | जागृत आमा समुह | भवन मर्मत | १००००० |
| ७२ | तेवा छेम्वो गुम्वा | गुम्बा निर्माण | २००००० |
| ८९ | भुजेल समिति | मोहोरियाकोट कुल देवता मन्दिर निर्माण | ९७००० |
| ९९ | बुद्ध आमा समुह | भवन स्तरोन्नति | १४३४१५ |
| ११७ | सिर्जनशील आमा समुह | भवन मर्मत | १९४२०० |
| १२२ | आमा समुह | ट्रस भवन निर्माण | ९९७३० |
| १४० | सत्यदेवी आमा समुह | भवन मर्मत तथा व्यवस्थापन | २००००० |

| | | | |
|---|---|---|---|
| १४१ | भुजेल समिति | कुलदेवता मन्दिर निर्माण | ५०००० |
| १४३ | शिशिर वसन्त आमा समुह | भवन मर्मत | १००००० |
| १७३ | सरस्वती आमा समुह | भवन मर्मत तथा व्यवस्थापन | ५०००० |
| १८९ | सग्रवास आमा समुह | भवन निर्माण तथा मर्मत | ३००००० |
| १९१ | प्रगतिशिल आपसी समाज नेवार गुठी | फर्निचर खरिद तथा व्यवस्थापन | ५०००० |
| १९४ | अकला आमा समुह | भवन मर्मत तथा व्यवस्थापन | १४५५०० |
| १९७ | दलित आमा समुह | भवन मर्मत संम्भार | ९०९०० |
| २१५ | जेठाक आमा समुह | भवन निर्माण तथा मर्मत | १५०००० |
| २३९ | लुपुगाउँ तामाङ गुठी | भवन निर्माण योजना | १००००० |
| २४५ | कालिका महिला समुह | फर्निचर खरिद तथा व्यवस्थापन | १५०००० |
| २६६ | जनजागृती आमा समुह | भवन निर्माण तथा व्यवस्थापन | १००००० |
| २८६ | बुद्ध आमा समुह | शौचालय निर्माण | १००००० |
| २९९ | शौभाग्योदय आमा समुह | भवन मर्मत तथा व्यवस्थापन | १५०००० |
| ३०० | साताविसे तमु आमा समुह | समाज घरको ट्रस्ट निर्माण | ५००००० |
| ३१० | खड्गादेवी आमा समुह | फर्निचर खरिद तथा व्यवस्थापन | ९८००० |
| जम्मा | | | ३७०७८६५ |

१७ **कार्यक्रमगत प्रगति -** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत प्रतिशत लक्षित प्रगति हाँसिल गर्नुपर्दछ । पालिकाले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ। अर्थात काम नै गरेको छैन। पालिकाले पुरा गर्न सक्ने योजनाहरु मात्र छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ ६४ वटा योजनामा शुन्य प्रगति भएका केही आयोजनाहरु देहायअनुसार रहेका छन्:

| **सि.न.** | **कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम** | **विनियोजन** | **खर्च** |
|---|---|---|---|
| ६ | लैङ्गिकहिसांनिवारक राहत कोष | १००००० | ० |
| ७ | नागरीकवडापत्र | ५००००० | ० |
| ८ | सेवाग्राहीविश्राम कक्ष ब्यावस्थापन | ३००००० | ० |
| ९ | मध्यकालीनखर्च संरचना निर्माण | ३००००० | ० |
| १० | आवाधिकयोजना निर्माण | ४००००० | ० |
| ११ | भु उपयोगगुरुयोजना तर्जुमा | १०००००० | ० |

| | | | |
|---|---|---|---|
| १२ | कर्मचारीतालिम खर्च | ४००००० | ० |
| १३ | नयापाठ्यक्रम लागु भएका कक्षा हरु ५ ८ र १० को अभिमुखिकरण तालिम | १५०००० | ० |
| १४ | अति विपन्नतथा दलित नागरीकको निशुल्क विमा कार्यक्रम | २००००० | ० |
| १५ | लोकतान्त्रिकआन्दोलनमा शहिद वेपत्ता तथा पिडित परिवारका सदस्य र घाइते ब्यक्तिहरुलाइ सम्मानकार्यक्रम | ३००००० | ० |
| १६ | न्ययिकसमितिका गतिविधि सम्बन्धि वृतचित्र निर्माण | ३००००० | ० |
| १७ | नगर प्रमुखउत्कृष्ट कृषक सम्मान कार्यक्रम | १००००० | ० |
| १८ | ८ कक्षादेखि माथिका आधाभुत विद्यालय सेनेटरी प्याड ब्यवस्थापन | ३००००० | ० |
| १९ | अपाङ्गतासहायता कार्यक्रम | ३००००० | ० |
| २० | समितिबाटहुने स्थलगत अध्ययन तथा भ्रमणको व्यवस्थापन खर्च | १००००० | ० |
| २१ | अनुगमनमूल्यांकन खर्च | ४३००० | ० |
| २३ | महिलापाठेघर सम्बन्धी स्वास्थ्य परिक्षण | ५०००० | ० |
| २५ | जनज्योतिमहिला समुह भवन मर्मत वडा नं १ | १००००० | ० |
| २६ | मुस्लिमपाठशाला निर्माण | १५०००० | ० |
| २७ | भंगेरी आमासमुह भवन निर्माण आयोजना | ३७५००० | ० |
| २८ | सौभाग्योदयआमा समुह भवन मर्मत वडा नं १ | १००००० | ० |
| २९ | कालिका रशिवालय मन्दिर मर्मत योजन वडा नं. ९ | १५०००० | ० |
| ३० | फलफुलतरकारी नर्सरी व्यवस्थापन तथा गाइ ढुवानी काउम्याट च्यापकटर र दुध संकलनमा लागतसाझेदारी कार्यक्रम | १००००० | ० |
| ३१ | लोकमार्गघोरेटारी हुदै मैदान जाने बाटो मर्मत योजना | ३०००० | ० |
| ३२ | चिल्लीखोला गोरेटो बाटो मर्मत योजना वडा नं १ | १००००० | ० |
| ३३ | मोहोरियाकोट-बोहोरागाउँ जोडने मोटर बाटो | ५००००० | ० |
| ३४ | ढाँडखोलामाकलभर्ट निर्माण योजना | २००००० | ० |
| ३५ | पन्थेडाँडासडक मर्मत योजना वडा नं २ | १००००० | ० |
| ३६ | तल्लोबोराङ खानेपानी मर्मत योजना वडा नं १ | ५०००० | ० |
| ३७ | खानेपानीसंरचना मर्मत तथा निर्माण | ४९९०८० | ० |
| ३८ | बुरबुरेपहिरो नियन्त्रण एवं बस्ति संरक्षण योजना | २७५००० | ० |

| | | | |
|---|---|---|---|
| ३९ | खेलकुदक्षेत्र पुर्वाधार विकास कार्यक्रम | ५००००० | ० |
| ४० | प्राविधिकधारको उच्च शिक्षा अध्ययनको लागी छात्रावृत्ति कार्यक्रम | २४०००० | ० |
| ४१ | तार्कुघाटतथा चक्रतिर्थ औषाधालय कविराज वैध कार्यलय सहयोगि कर्मचारी पोसाक खर्च | ८०००० | ० |
| ४२ | पशुपंक्षीआदीबाट हुने ईन्फुएन्जा बर्ड फ्लु AMR सिष्टिसर्कोसिस टक्सोप्लाज्मोसिस आदिविभिन्न सरुवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम | २०००० | ० |
| ४३ | सूचनाप्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरीक्षण | ५०००० | ० |
| ४४ | सञ्चारसामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) | १५०००० | ० |
| ४५ | आमा तथा नवजात शिशु सूरक्षा तथा अन्य निर्देशिकाहरुकोअभिमुखिकरण तथा किल्निकल मेन्टरी | २६०००० | ० |
| ४६ | पोषणसंवेदनशील (खानेपानी तथा सरसफाइ कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा रशासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | १५०००० | ० |
| ४७ | कोभिड-१९बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताकालागि कार्यक्रम | ५८००० | ० |
| ४८ | कोभिड-१९बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताकालागि कार्यक्रम | ११८००० | ० |
| ४९ | कोभिड-१९बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताकालागि कार्यक्रम | ३२४००० | ० |
| ५० | पशु सेवाविभाग र प्रादेशिक निकायमा पशुपन्छी तथ्यांक तथा पशु सेवाका कार्यक्रमको प्रगतिरिपोर्टिङ | २०००० | ० |
| ५१ | स्वास्थ्यसूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम | ६५००० | ० |
| ५२ | पालिकाहरुमास्वीकृत निर्देशिका अनुसार गठित rapid response team तथा risk communication and community engagement team लाई अभिमुखिकरण महामारी /जनस्वास्थ्यमा असर पर्नेघटनाहरुको ब्यबस्थापनका लागि कम्तिमा बर्षमा दुई पटक सम्बन्धीत सरोकारवालाहरुसमेतको सहभागिताम | १३०००० | ० |
| ५३ | आ.व.२०७८/७९ मा स्थापना भएको तरकारीबाली पकेट विकास कार्यक्रमको निरन्तरता | ६००००० | ० |
| ५४ | उन्नत बीउवितरकलाई प्रोत्साहन अनुदान | १२०००० | ० |
| ५५ | लम्पी रोगनियन्त्रण | १००००० | ० |

| | | | |
|---|---|---|---|
| ५६ | MPDSR कार्यक्रम / Birth defect कार्यक्रम | ८०००० | ० |
| ५७ | सम्भाव्यउत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाकोसमुहमा प्रबिधि तथा विउ पुजी हस्तान्तरण हस्तान्तरण | १४०००० | ० |
| ५८ | आमासूरक्षा कार्यक्रमको अनुगमन मुल्याङकन | ५०००० | ० |
| ५९ | उन्नत बीउउपयोग अनुगमन निरीक्षण कार्यक्रम | १००००० | ० |
| ६० | बर्थिङसेन्टरबाट गर्भवति तथा सुत्केरी महिलालाइ आकश्मिक रुपमा प्रेसण | ६०००० | ० |
| ६१ | सामुदायिकविद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ७८७००० | ० |
| ६२ | मेशिनरीआजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | ६०००० | ० |
| ६३ | राइनास नपा८-१० तार्कुघाट प्यांग खापाआ लमजुंग | १२५००० | ० |
| ६४ | राइनासनगरपालिकाको प्रशासकिय भवन निर्माण निरन्तरता | १००००००० | ० |

१८ **अवण्डा वजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष भैपरी आउने र अन्य सार्वजनिक निर्माण शीर्षकमा रु. ४ करोड ९३ लाख ८५ हजार बजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री पुष्पराज खनाल मिति २०७९।०३।१० गते रु. ५९ करोड ३९ लाख १४ हजार को बजेट सभा समक्ष पेश गरेकोमा २०७९।०३।१० मै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

२० **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| सि.न. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ४८७२५००० | ४३९८३६६८ | ७.८८ |
| २ | सामाजिकविकास | ३२१७८०००० | २९८९३५०९५ | ५३.५८ |
| ३ | पूर्वाधारविकास | १३९५६६००० | १०४१६९८८४ | १८.६७ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १४६४७००० | १११९८०६२ | २.०१ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १२२७०९०८० | ९९६६९२०० | १७.८६ |
|  | जम्मा | ६४७४२७०८० | ५५७९५५९०९ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.५८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.०१ प्रतिशत रहेको छ।

२१ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ। पूजिंगत खर्चमध्ये तेस्रो चौमासिक अवधिमा ७७.२७ प्रतिशत अर्थात रु. १५७७८०८६७ खर्च भएको देखिन्छ। कुल खर्च मध्ये असार महिनामा मात्र रु ८८३१४३४२ अर्थात ४३.२५ प्रतिशत खर्च भएको विवरण पेश भएको छ। यसरी वर्षान्तमा हतार हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने योजनाहरु अनुगमन गर्न कठिन हुने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| **बजेट उपशीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **असार महिना** |
| पँजिगत खर्चतर्फ | २०४१८२३७१ | १०३२७४५५ | ३६०७४०४८ | १५७७८०८६८ | ८८३१४३४२ |
| प्रतिशत | १०० | ५.०६ | १७.६७ | ७७.२७ | ४३.२५ |

२२ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छनः

| क्र सं | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | १२४ | १०६००००० |
| २ | रु. १ लाख देखि २ लाख सम्म | १०१ | १४४२५००० |
| ३ | रु २ लाख देखि ५ लाख सम्मका योजना | ६६ | १८५८९००० |
| ४ | रु. ५ लाख देखि १० लाख सम्मका योजनाहरु | ३१ | २६३९५००० |
| ५ | रू. १० लाख माथिका योजनाहरु | ३३ | १७४६५१००० |
|  | जम्मा | ३५५ | २४४६६०००० |

२३ **योजना छनौट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई उल्लेखनीय प्राथमिकता दिएको देखिएन। तसर्थ स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२४ **प्रगति -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ अनुसार वजेट तथा कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३६ मा भौतिक र वित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले पुँजीगत खर्चको तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। तोकिए वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ।

२५ **आर्थिक सहायता -** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. ८ लाख ३१ हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजीगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशील क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि

हाँसिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानीकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आर्थिक वर्षमा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता वितरण गर्दा मापदण्ड र कार्यविधि वनाएर वितरण गर्नुपर्दछ। मापदण्ड र कार्यविधि तयार नगरी वितरण गरेको देखियो। केही उदाहरण यस प्रकार छनः

| **क्र सं** | **विवरण (भुक्तानी पाउने)** | **रकम** |
|---|---|---|
| ५९।२०७९।६।१३ | राम बहादुर परियार/ लक्ष्मी वहादुर सार्की | १५००० |
| ६४।२०७९।६।१३ | प्रविन लौडारी | १५००० |
| ८०।२०७९।६।२५ | लक्ष्मी कुमाल | ८००० |
| ८६।२०७९।६।२७ | राजकुमार परियार | ५००० |
| ११६।२०७९।७।६ | सशनशिला रानाभाट | १५००० |
| ११७।२०७९।७।६ | भरत गुरुङ | १५००० |
| १७८।२०७९।७।३० | सुन्तली सुनार | २०००० |
| २०१।२०७९।८।१४ | कोपिला वि क | १०००० |
| २५४।२०७९।९।१२ | सुक बहादुर कामी | ३८८०० |
| २९७।२०७९।१०।१२ | रुद्र बहादुर मगर | २०००० |
| ३०२।२०७९।१०।१३ | जंग बहादुर गुरुङ | १०००० |
| | वुद्धमाया पोखरेल | ५००० |
| | सिंग बहादुर तामाङ | १५००० |
| ३३९।२०७९।११।१५ | लक्ष्मण घिमिरे | ४२००० |
| ३४५।२०७९।११।१६ | सुमन जंङ थापा | ३०००० |
| ३४६।२०७९।११।१६ | पञ्चमाया तामाङ | २०००० |
| | विमला मगर | १५००० |
| ३५६।२०७९।११।२३ | मोहन लाल श्रेष्ठ | ९००० |
| | विमला थापा | १०००० |
| | शर्मिला सार्की | १५००० |
| ३६४।२०७९।११।२९ | कविता परियार | १२००० |
| ३७६।२०७९।१२।२ | खहरे घले माछा फर्म | २०००० |

| | | |
|---|---|---|
| ३८३।२०७९।१२।३ | शैक्षिक सहायता (आकृति खनाल) | ३०००० |
| ४४०।२०८०।१।७ | विश्व हिन्दु महासंघ | १५००० |
| ४६०।२०८०।१।२० | केशव कोइराला | ३०००० |
| | ममता कँडेल | १०००० |
| | सुनिता चिलुवाल | ३०००० |
| २८५।२०८०।२।१ | अम्विका चिलुवाल | ३५००० |
| ५४०।२०८०।२।१९ | आनन्द थापा | ५०००० |
| ५४१।२०८०।२।१९ | दीगो कृषि व्यवस्थापन तथा अनुसन्धान सहकारी संस्था लिमिटेड | ४०००० |
| ५७१।२०८०।३।३ | कमला नेपाली | ७७०६५ |
| ६८१।२०८०।३।२१ | हिमालयन एग्रो टुरिजम कम्पनी प्रा ली | ३३५०० |
| ६९१।२०८०।३।२२ | दल बहादुर सिंह | ३०००० |
| जम्मा | | ७४५३६५ |

२६ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट १४ लाख ७ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा खर्च भएको पालिकाले जानाकारी गराएको छ।कार्यविधि वनाई औचित्य र आवश्यकताको आधारमा मात्र खर्च गर्नुपर्दछ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।केही व्यहोराः

| **भौ नं।मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| ५७।२०७९।६।१३ | खाजा तथा खाना | रिजन खाजा घर/ साहारा होटल एण्ड रेष्टुरेण्ट | ५९५८० |
| ८३।२०७९।६।२६ | विविध खर्च | सृजना किराना स्टोर्स | ३३२२० |
| ८४।२०७९।६।२६ | विविध खर्च | सृजना किराना स्टोर्स | २०७९५ |
| ८९।२०७९।६।२७ | खाजा तथा खाना | न्यू राईनास फ्रेस हाउस | २००४० |
| १०३।२०७९।७।५ | खाजा तथा खाना | पाण्डे किराना पसल एण्ड फ्रेस हाउस | २६२०० |
| १३८।२०७९।७।१७ | विविध खर्च | सृजना किराना स्टोर्स | ३२६६० |

| | | | |
|---|---|---|---|
| १५४।२०७९।७।२३ | खाजा खर्च | सिम्रन होटल एण्ड खाजा घर | २६३२५ |
| १८८।२०७९।८।१० | खाजा खर्च | सुजना किराना स्टोर्स | ३८७९० |
| २८७।२०७९।१०।४ | खाजा तथा विविध खर्च | सुजना किराना स्टोर्स | ७५३५० |
| ३०६।२०७९।१०।१६ | खाजा तथा खाना | रिजन खाजा घर | २५०२० |
| ४१५।२०७९।१२।२२ | खाजा तथा खाना | रिजन खाजा घर | २६२८० |
| ५००।२०८०।२।६ | विविध खर्च | सुगम स्टेशनरी तथा किराना पसल | ९६८५० |
| ५६०।२०८०।२।३२ | राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रममा खाजा खाना खर्च | विभिन्न वडाका होटल व्यवसायी | ३८२२८० |
| ५९५।२०८०।३।९ | खाजा तथा खाना | रिजन खाना/ क्षितिज खाना घर | ४२६४६ |
| ६११।२०८०।३।१२ | खाजा तथा विविध | सुगम स्टेशनरी तथा किराना पसल | ७४५१० |
| ७१८।२०८०।३।२४ | खाजा तथा विविध खर्च | सुगम स्टेशनरी तथा किराना पसल | ८१२३६ |
| ७२४।२०८०।३।२४ | खाजा तथा विविध | सुगम स्टेशनरी तथा किराना पसल | ९८५९९ |
| **जम्मा** | | | **११६०३८१** |

२७ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतीको समाग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधी र पक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ। पालिकाले वार्षिक खरिद योजना बनाई प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्नेमा प्रतिष्पर्धा वेगर सोझै खरिद गरेको रु ९१७५२२६ नियम सम्मत देखिएन यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **भौचर। मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५३,२०७९।१०।११ | फर्निचर तथा फिक्चर्स खरिद | सेभेन लेक्स स्टील फर्निचर एण्ड इन्जिनियरिङ्ग कम्पनी | ८२८००० |

| | | | |
|---|---|---|---|
| १५०,२०८०।०२।०४ | फर्निचर तथा फिक्चर्स खरिद | राइनास ग्रील उद्योग | ७९५५२ |
| १८२,२०८०।०२।३१ | फर्निचर तथा फिक्चर्स खरिद | रुपा डेकोर्स | ५५४०४१ |
| ७२६,२०८०।३।२४ | फर्निचर तथा फिक्चर्स खरिद | न्यू पुजा फर्निचर एण्ड फर्निसिङ सेन्टर | १५५५६३ |
| ५९८।२०८०।३।१० | फर्निचर खरिद | न्यू पुजा फर्निचर एण्ड फर्निसिङ्ग सेन्टर | ९८३७२ |
| २९२।२०७९।१०।६ | फर्निचर खरिद | रोशन राज फर्निचर उद्योग | २८८१५ |
| ६८२।२०८०।३।२१ | फर्निचर खरिद | न्यू पुजा फर्निचर एण्ड फर्निसिङ्ग सेन्टर | ८१३६० |
| ६८४।२०८०।३।२१ | फर्निचर खरिद | आर के फर्निसिङ/ गणेश फर्निचर उद्योग | ४५२५५ |
| १८।२०७९।६।६ | रेफ्रिजेरेटर खरिद | तार्कुघाट स्वास्थ्य चौकी (श्रेष्ठ सुपरवाच सेन्टर) | ३१५०० |
| ३१४।२०७९।१०।१८ | मसलन्द तथा कार्यालय सामाग्री | सृष्टि स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स | ३८६४४८ |
| ३१६।२०७९।१०।१८ | Clinical Chemestri Machine खरिद | थानिमाई इन्टरनेशनल | १६५००० |
| ५०२।२०८०।२।६ | योजना किताव डिजाइन तथा छपाई | स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा ली | १६६११० |
| ५०३।२०८०।२।६ | पारित भएका कानून किताव डिजाइन तथा छपाई | स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा ली | १९०९७० |
| ५५४।२०८०।२।२९ | स्टेशनरी सामाग्री खरिद | स्काइ प्रेस एण्ड ट्रेड लिंक प्रा ली | २२३७४० |
| ५८६।२०८०।३।७ | मसलन्द तथा कार्यालय सामाग्री | KD Enterprises | ७६६४५ |
| ५०२।२०८०।२।६ | योजना किताव डिजाइन तथा छपाई | स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा ली | १६६११० |
| ६३०।२०८०।३।१६ | मसलन्द तथा कार्यालय सामाग्री | पब्लिक छापाखाना | ६७१७८ |

| | | | |
|---|---|---|---|
| ७१३।२०८०।३।२३ | स्टेशनरी सामाग्री खरिद | संगम स्टेशनरी स्टोर्स | १४७२५० |
| ७२५।२०८०।३।२४ | कम्प्यूटर पार्टस खरिद | के डि इन्टरप्राइजेज | ५०००२ |
| १४६,२०८०।०२।०१ | मेसिनरी तथा औजार खरिद | सप्तकोशी बिल्डर्स | ५९९५६२ |
| २७६/२०८०।३।२१ | आयुर्वेदिक औषधि खरिद | सिद्धि गणेश आयुर्वेद सप्लायर्स | ४४९९५० |
| ४१/२०७९।९।२१ | आयुर्वेदिक औषधि खरिद | नरोत्तम आयुर्वेद डिष्ट्रिव्युटर्स | २९१६६८ |
| ११२/२०७९।१२।३० | आयुर्वेदिक औषधि खरिद | लिसा आयुर्वेद मेडिसिन डिष्ट्रिव्युटर्स | ४९५०५१ |
| ११४/२०७९।१२।३० | आयुर्वेदिक औषधि खरिद | हेमन्त आयुर्वेद फर्म | २८७१७५ |
| ११७/२०८०।३।२४ | मेशिनरी | अंशु सप्लायर्स | ४९३४०० |
| २४३/२०८०।३।१७ | मेशिनरी | सम साइन भेटनरी सेण्टर | ५१२५३५ |
| २७५/२०८०।३।२१ | मेशिनरी | वनदेवि भेट फर्मा | ३३०००० |
| २५३/२०८०।३।१८ | मेशिनरी औजार | के डि इन्टरप्राइजेज | ३८४००० |
| ३०१/२०८०।३।२४ | मेशिनरी औजार | अंशु इन्जिनियरिङ | ४४५००० |
| ९६/२०८०।३।१९ | नविकरणीय उर्जा | नविकरणीय उर्जा एभरेष्ट | ४९८५४२ |
| १०२/२०८०।३।२५ | कोल्ड स्टोरेज | सोल्ड एण्ड अमर कन्स्ट्रक्सन | ८४६४३२ |
| जम्मा | | | ९१७५२२६ |

२८ **बिधुत महसूलमा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा कारोवारको लेखा ठिकसंग नराखेको कारणवाट कुनै किसिमको हानी नोक्सानी वा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ती जिम्मेवार व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरीने छ भन्ने व्यवस्था रहेको छ।पालिकाले तपशिलका विभिन्न भौचरबाट विधुतको महसूल समयमै भुक्तानी नगरेको कारण पालिकालाई थप व्ययभार परेको छ।समयमा महसुल वुझाई छुट सुविधा लिनुपर्नेमा यसरी जरिवाना तिर्दा राज्यलाई थप व्ययभार परेको हुँदा यस्ता खर्चमा पालिकाले उचित ध्यान दिनुपर्ने देखिन्छ।

| भौ नं र मिति | विवरण | जरिवाना रकम |
|---|---|---|
| १५।२०७९।६।६ | श्रावण र भाद्र | ३७२ |

| | | |
|---|---|---|
| ५०।२०७९।६।१२ | श्रावण भाद्र र असोज | १००२७.२ |
| २१४।२०७९।८।१९ | कार्तिक | ५९६ |
| २८१।२०७९।१०।४ | मंसिर पौष | २८३.१७ |
| २९६।२०७९।१०।११ | पौष माघ | १४३४.९७ |
| ३७०।२०७९।१२।१ | श्रावण भाद्र असोज | ९७६.६ |
| ६४७।२०८०।३।१८ | श्रावण | ११९८.३३ |
| ६६१।२०८०।३।२१ | कार्तिक मंसिर | ७९२.७ |
| जम्मा | | १५६८१ |

२९ **सवारी शाधन नविकरणमा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा कारोवारको लेखा ठिकसंग नराखेको कारणवाट कुनै किसिमको हानी नोक्सानी वा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ती जिम्मेवार व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरीने छ भन्ने व्यवस्था रहेको छ। यस पालिकाको नाममा रहेका तपशिलका सवारी साधनको महसुल समयमै भुक्तानी नगरेको कारण पालिकालाई थप व्ययभार परेको देखिन्छ। समयमा महसुल वुझाई छुट सुविधा लिनुपर्नेमा यसरी जरिवाना तिर्दा पालिकालाई अनावश्यक व्ययभार परेको हुँदा यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| सवारी शाधन नं | विवरण | जरिवाना रकम |
|---|---|---|
| ग १ ब २०२० | सवारी नविकरणमा जरिवाना | ६५० |
| ग १ ब २०१९ | सवारी नविकरणमा जरिवाना | ६५० |
| ग १ ब २०१४ | सवारी नविकरणमा जरिवाना | ३२५ |
| ग १ ब २०१३ | सवारी नविकरणमा जरिवाना | १५० |
| ग १ ब ७८० | सवारी नविकरणमा जरिवाना | ३२५ |
| ग १ ब ७८१ | सवारी नविकरणमा जरिवाना | १२२५ |
| ग १ ब २०१५ | सवारी नविकरणमा जरिवाना | ३२५ |
| ग १ ब १४०१ | सवारी नविकरणमा जरिवाना | ६०० |
| ग १ ब २०१८ | सवारी नविकरणमा जरिवाना | ६५० |
| ग १ व १४०६ | सवारी नविकरणमा जरिवाना | १५६० |
| ग १ ब १४०४ | सवारी नविकरणमा जरिवाना | ५२० |
| ग १ ब १४०७ | सवारी नविकरणमा जरिवाना | १५६० |

| | | |
|---|---|---|
| ग १ ब १३९९ | सवारी नविकरणमा जरिवाना | ५२० |
| ग १ ब १४०० | सवारी नविकरणमा जरिवाना | १५६० |
| ग १ ब १४०३ | सवारी नविकरणमा जरिवाना | १५६० |
| ग १ ब १४०५ | सवारी नविकरणमा जरिवाना | ५२० |
| ग १ ब ४२० | सवारी नविकरणमा जरिवाना | ५३८० |
| ग १ ब १४०२ | सवारी नविकरणमा जरिवाना | ४६२० |
| ग १ झ २८४ | सवारी नविकरणमा जरिवाना | ३७०० |
| ग १ झ ३५७ | सवारी नविकरणमा जरिवाना | १४५० |
| ग १ झ ४२३ | सवारी नविकरणमा जरिवाना | १४५० |
| जम्मा | | २९३०० |

३० **मर्मत संभार -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२ मा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक बर्ष २०७९।८० मा मात्रै पालिकाले पालिकाका अध्यक्षले प्रयोग गर्ने गाडी नं ग १ झ ४२३, ग १ झ २८४, ग १ झ ३५७ र विभिन्न कर्मचारीले प्रयोग गर्ने २५ वटा मोटरसाइकलको मर्मत संभारका लागि रु २७००१०० खर्च गरेको छ। सवारी शाधन मर्मतका लागि यति ठुलो रकम खर्च गर्नु उचित दखिदैन। यस्तो प्रकारको खर्च नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

३१ **नाफामुलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। पालिकाले देहाय बमोजिमका भौचर नं बाट लघुवित्त सहकारीलाई विविध| कार्य गर्नका लागि रु. ४७७६०० रकम उपलब्ध गरएको छ। साथै अनुदान लिएको नाफामुलक संस्थाले स्थानीय जनतालाई |दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन्। तसर्थ यसप्रकारको अनुदान उपलब्ध गराउने |कार्यमा नियन्त्रण गरी नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने कुनै कानुनी व्यवस्था भएको नदेखिएकाले अनियमित देखिएको रु.

| **गो भौ न मिति** | **अनुदान पाउने संस्थाको नाम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|
| १३२,२०८०।०१।२० | जनजागरण बचत तथा ऋण सहकारी | भवन निर्माण | ९३८०० |
| १६४,२०८०।०२।१७ | राइनास उद्योग वाणिज्य संघ | भवन निर्माण | ३८३८०० |
| जम्मा | | | ४७७६०० |

| | |
|---|---|
| अनियमित भएको | ४,७७,६०० |

३२ **क्षेत्राधिकार वाहिरको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नु पूर्व उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले सो कुरा बिचार नगरी तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी तथा गैरसरकारी निकायको भौतिक संरचना निर्माण तथा अन्य प्रशासनिक कार्य वापत खर्च लेखेको छ। यस्तो प्रकृतिको खर्चलाई नियमित मान्न सकिएन रु

| **गो भौ न मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| ८१।२०७९।६।२५ | आर्थिक सहायता | लमजुङ पोखरा सम्पर्क समिति | १०००० |
| १२६।२०७९।७।१६ | आर्थिक सहायता भिडियो निर्माण | ङला संसारको संयोजक उदेक वहादुर गुरुङ | ३०००० |
| १९७।२०७९।८।१२ | आर्थिक सहयोग | प्रहरी चौकी तार्कुघाट | १२४६० |
| ८८।२०७९।१२।८ | रेडक्रस भवन निर्माण | रेडक्रस भवन निर्माण समिति | २००००० |
| ९८।२०७९।१२।१९ | ग्यारेज निर्माण | तिनपिप्ले प्रहरी चौकी | ९९३७६ |
| १४२।२०८०।१।२७ | वि पि स्मृति भवन निर्माण | वि पि स्मृति भवन निर्माण समिति | ४००००० |
| १९३।२०८०।३।५ | धमिलेकुवा प्रहरी चौकी कम्पाउण्ड निर्माण तथा फर्निचर खरिद | धमिलेकुवा प्रहरी चौकी | २९९६६५ |
| ४७५।२०८०।१।२६ | गलैंचा खरिद | इस्लाम दिन मियाँ (मदरसा) | १९७०० |
| ५१४।२०८०।२।८ | कार्यालय व्यवस्थापन खर्च | जिल्ला मालपोत कार्यालय लमजुङ | १००००० |
| ५६३।२०८०।३।२ | अस्थायी प्रहरी पोष्ट निर्माण | अस्थायी प्रहरी विट वोराङखोला | ३३८९० |
| ६४९।२०८०।३।१८ | विधुत ट्रान्सफर्मर मर्मत | प्यारजुङ सामुदायिक विधुत उपभोक्ता संघ | १००००० |
| ६८५।२०८०।३।२१ | लिगलिग पालुङटार महोत्सव | लिगलिग पालुङटार उद्योग वाणिज्य संघ नाफामूलक संस्थालाई भयो | ५०००० |
| जम्मा | | | १३५५०९१ |

| अनियमित भएको | १३,५५,०९१ |
|---|---|

३३ **उपभोक्ता समितिमार्फत खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । पालिकाले देहायका विभिन्न भौ नं बाट उपभोक्ता समितिद्वारा पञ्चेबाजा, खेलकुद सामग्री लागायत सामाग्री खरिद गरी उक्त उपभोक्ता समितिहरुलाई रु. ६७८००० भुक्तानी गरेको देखिन्छ। यसरी उपभोक्ता समितिमार्फत खरिद गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु

| गो भौ नं / मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४००।२०७९।१२।१६ | पंचेवाजा खरिद | राइनास संस्कृति संरक्षण समुह | १५०००० |
| ४७१।२०८०।१।२५ | स्पिकर खरिद | क्षेत्री बाहुन गुठी समाज | ३०००० |
| ५२२।२०८०।२।११ | फर्निचर खरिद | ज्येष्ठ नागरीक समाज वडा नं ६ | ४०००० |
| ५४९।२०८०।२।२४ | खेलकुद सामाग्री खरिद | प्यारजुङ युथ क्लव | २५०००० |
| ६०३।२०८०।३।११ | शुसासन तथा विविध कार्यक्रम खर्च | फर्निचर खरिद शिवशक्ति महिला समुह | ५०००० |
| ६२८।२०८०।३।१६ | सुत्केरी सट्टा सिक्षिका | सौभाग्योदय माध्यमिक विद्यालय | ६०००० |
| ७०३।२०८०।३।२२ | खेलकुद सामाग्री खरिद | जनज्योती महिला समुह | ९८००० |
| जम्मा | | | ६७८००० |

| अनियमित भएको | ६,७८,००० |
|---|---|

३४ **गत आवको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) विनियोजित बजेट नपुग भएमा भुक्तानी दिन बाँकीको विवरण आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी भुक्तानी दिन मिल्ने व्यवस्था गरेको छ । पालिकाले गत आवमा भुक्तानी दिने रकम अपुग भएकाले भुक्तानी दिन दायित्व सिर्जना भएको भनी इन्टरनेशनल हाउस प्रा.लि. लाई रु ४५२००० रकम यस आर्थिक बर्षमा भुक्तानी दिएको देखिन्छ। पालिकाले स्रोतको सही अनुमान गर्दैं बजेट तयार गर्दैं जुन आ.व. को लागि बजेट छुट्याएको हो सोही आ.व. मा काम सक्ने र भुकानी दिनुपर्नेमा सो गरेको नदेखिएकोले अनियमित भएको रकम रु

| अनियमित भएको | ४,५२,००० |
|---|---|

३५ **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको

माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष देहायअनुसारका परामर्श सेवाको खरिद गरी रु. ३६७६६७० खर्च लेखेको छ। पालिकामा प्राविधिक जनशक्ति हुँदा हुँदै वाह्य परामर्शदाताबाट कार्य गराई पटक पटक खरिद गरेको देखियो। स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित योजनाको छनौट भएपछि लागत लाभ एकिन गरी उपलव्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्ययमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन। उपलव्ध जनशक्तिबाट हुन नसक्ने सेवा मात्र विष्लेषण गरी प्रतिस्पर्धाको आधारमा खरिद गर्नु पर्दछ।

| **भौनं** | **विवरण** | **परामर्शदाता** | **रकम** |
|---|---|---|---|
| २९३,२०८०।०३।२३ | पालिकास्तरीय ल्यान्डफिल पार्क निर्माण योजना | के एस इन्जिनियरिङ्ग कनसल्टेन्सी प्रा लि | ४९२९५३ |
| ९०।२०७९।६।२८ | विधुत वितरण प्रणाली प्रतिवेदन तयार | एसेन्सियल इन्जिनियरिङ म्यानेजमेन्ट सर्भिसेज प्रा ली | ३३९९०४ |
| ४०८।२०७९।१२।२० | सुचना प्रणाली र सफ्टवयर संचालन | विजनेश म्यानेजमेन्ट सर्भिसेज प्रा ली | २४७४७० |
| ६६७।२०८०।३।२० | न्यायिक समितिका लागि कानूनी परामर्श | सुरेखा प्रोफेशनल ट्रेनिङ्ग सेन्टर प्रा ली | ३४८१५३ |
| ६७९।२०८०।३।२१ | वडागत तथ्याङ्क संकलन प्रविष्टि तथा मुल्याङ्कन | इजिसफ्ट नेपाल | २००००० |
| ७०८।२०८०।३।२३ | मर्स्याङ्दी र चेपे नदिको नदिजन्य पदार्थ उत्खनन | एस ए आर पि इन्जिनियरिङ प्रा लि | ३३९००० |
| ७०५।२०८०।३।२३ | वडा नं ५ भित्रका विभिन्न सडकहरुको DPR निर्माण | क्रिड स्ट्रक्चरल डिजाइन प्रा ली | ४९४९८८ |
| १००/२०८०।३।२२ | | युनिक डिजाइन युनिक्य डिजाइन एण्ड डेभलपमेण्ट इन्जिनियरिङ कन्सल्टेन्सी | २२५००० |
| १०१/२०८०।३।२३ | | आदि इन्जिनियरिङ सर्भिस प्रा.लि. शिशु मा वि होष्टेल डि पी आर | ४९४२६२ |
| १०३/२०८०।३।२३ | | राइनासकोट पार्क निर्माण डि पी आर को डिटेल इन्जिनियरिङ ब्रिक कन्सल्टेण्ट प्रा.लि. | ४९४९४० |
| जम्मा | | | ३६७६६७० |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

**सेवाको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।

**सोझै खरिद कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा २० लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र २० लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। विभिन्न कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान वेगर नै परामशर्दाताको दरमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको देखिन्छ।

**वीमा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

३६ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नेपर्ने व्यवस्था गरेको छ। पालिकाले म्याद कायम रहेको देहाय बमोजिमका निर्माण व्यवसायीलाई दिएको पेश्की फछ्यौट हुन बाँकी रहेको विवरण पेश गरेकोमा समयमै पेश्की फछ्यौट गर्नतर्फ ध्यान दिनुपर्दछ। पालिकाले आर्थिक वर्षको अन्त्यसम्म फछ्यौट नभई बाँको रहेको निम्नानुसार निर्माण व्यवसायी व्यक्ति संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असुल फछ्यौट गर्नुपर्ने रु.

| **गो. भौ।मिति** | **पेश्की विवरण** | **म्याद ननाघेको** | **म्याद नाघेको** |
|---|---|---|---|
| २७२,२०७९।०९।२६ | खड्ग बहादुर गुरुङ विविध खर्च | ० | २५०००० |
| ५४४,२०८०।०२।२२ | खड्ग वहादुर गुरुङ विविध कार्यक्रम खर्च | ० | २००००० |
| ३४७,२०७९।११।१६ | कुमार गुरुङलाई पदाधिकारी तथा कर्मचारीको अन्य सामाजिक सूरक्षा खर्च चोटपटक दुर्घटना उपचार सहायता | ० | १९६२०२ |
| ११,२०७९।०९।१२ | धमिलिकुवा स्वास्थ्य चौकीलाई १५ शैया अस्पतालको भवन निर्माण गर्न भगवती निर्माण सेवा | २७८०००० | ० |

| | | | |
|---|---|---|---|
| १४,२०७९।०९।२७ | धमिलिकुवा स्वास्थ्य चौकीलाइ १५ शैया अस्पताल भवन निर्माण गर्न भगवती निर्माण सेवा | ४१७०००० | ० |
| २,२०७९।१०।२९ | टिमुरे बोराङखोला भङ्गारी प्यारजुङ राइनासकोट मोहरिया बगुवा सडक निर्माण सुन्दर निर्माण सेवा | २३३०००० | ० |
| ४१,२०७९।१२।१४ | शिशु बिध्यश्रम मा.वि. को छात्रावास निर्माण सुन्दर- रेग्मी जे.भी | १९८०००० | ० |
| ४८,२०७९।१२।२७ | शिशु बिध्यश्रम मा.वि. को छात्रावास निर्माण सुन्दर- रेग्मी जे.भी | १५००००० | ० |
| १०१,२०७९।१२।२१ | नगरपालिकाको लागि CAB ४WD बोलेरो खरिद बतास वर्दर्श प्रा.लि. | ० | १०००००० |
| ६७७,२०८०।०३।२१ | सेवा र परामर्श खर्च अल नेपाल रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि | ० | १५०००० |
| २८६,२०८०।०३।२२ | उधमशिलता प्रोत्साहन विउ पुजी श्री घडेरीदेवी कृषि सहकारी संस्था लिमिटेड | ० | १५०००० |
| २८६,२०८०।०३।२२ | मागमा आधारित उधम विकासको लागि विउ पुजि तथा प्रविधि हस्तान्तरण श्री घडेरीदेवी कृषि सहकारी संस्था लिमिटेड | ० | १००००० |
| २८६,२०८०।०३।२२ | उधमशिलता प्रोत्साहन विउ पुजी श्री मार्गदर्शन महिला बहुउद्धेश्यीय सहकारी संस्था लि. | ० | ३४६००० |
| ११६,२०८०।०३।२४ | शैलपुत्रि तथा शौभाग्योदय नमुना मा वि विद्यालय भौतिक निर्माण क्रमागत भवन निर्माण | ० | ३०२६००० |
| ३०३,२०८०।०३।२४ | दुना टपरी सिप मुलक तालिम श्री घडेरीदेवी कृषि सहकारी संस्था लिमिटेड | ० | २५०००० |
| जम्मा | | १२७६०००० | ५४१८२०२ |

| | |
|---|---|
| पेश्की | ५४,१८,२०२ |

३७ **वढी भुक्तानी**

*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु.११,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **शीर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शीर्षकमा गर्नुपर्ने उल्लेख छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले तपशिल वमोजिमका भुक्तानी गर्दा शीर्षक फरक पारी भुक्तानी गरेको पाइयो।अत विनियोजित वजेट खर्च गर्दा शीर्षक फरक परेको अनियमित देखिएको रु

| **गो भौ नं।मिति** | **खर्च शीर्षक** | **भुक्तानी भएको** | **रकम** |
|---|---|---|---|
| ३०।२०७९।६।१२ | मागमा आधारित विविध योजना | वडा नं ८ को प्रशासनिक खर्च | १६६०० |
| १३।२०७९।६।२८ | सि सि टि जडान कार्यक्रम | डेक्सटप खरिद २० वटा | १०००००० |
| २७८।२०७९।९।२७ | अन्य कार्यालय संचालन खर्च | वोरा खरिद कोदो वालीमा अनुदान | ९८४०० |
| ३४१।२०७९।११।१५ | विविध कार्यक्रम खर्च | दामढुंगा भकारी युवा क्लव खेलकुद सामाग्री खरिद | ३९४०० |
| २६२।२०७९।११।२६ | वडा नं ७ को पूर्वाधार विकास | खेलकुद संचालन भुक्तानी | १५००० |
| ४८१।२०८०।१।२८ | वडा नं ७ को पूर्वाधार विकास | स्वास्थ्य कर्मीलाई व्याग खरिद | २४९५० |
| २७२।२०८०।३।२० | वडा नं ६ भित्रका सडक वत्ति जडान कार्यक्रम | स्याउली वजार भित्रि बाटो आँप चौर जाने बाटो निर्माण | १५०००० |
| २८४।२०८०।३।२२ | वडाको पूर्वाधार तथा क्षमता विकास कार्यक्रम मार्फत | दलित गुठी समाजको भाँडा खरिद | ५०००० |
| २८३।८०।३।२२ | वडाको आन्तरिक सडक मर्मत | डम्पिङ साइट खन्नी काम | ६३४३४ |
| ५२७।२०८०।२।१६ | कार्यालयको क्षमता विकास | विविध खर्च वडा नं २ | ६४०५७ |

| | | | |
|---|---|---|---|
| ३०९।२०८०।३।२४ | वडाको पूर्वाधार तथा क्षमता विकास कार्यक्रम मार्फत | घर्तिगाँउ गुठीलाई भाडाँ खरिद | ५०००० |
| ५५८।२०८०।२।३० | सुशासन तथा विविध कार्यक्रम | विश्वकर्मा गुठी समाजको लागि फर्निचर खरिद | ५०००० |
| ५६४।२०८०।३।२ | वडा नं ९ को क्षमता विकास कार्यक्रम | स्वर्गिय देव वहादुर थापाको सालिक निर्माण | ५७१४० |
| ५६५।२०८०।३।२ | क्षमता विकास तथा सुशासन प्रवर्द्धन कार्यक्रम | खेल मैदानको पोल स्थान्तरण र भलिवल कोर्ट निर्माण (रुद्र देवि युथ क्लव) | १७५००० |
| ६२५।२०८०।३।१६ | क्षमता विकास तथा सुशासन प्रवर्द्धन योजना | गैरीगाँउ महादेव मन्दिर निर्माण समिति | ९७५४५ |
| ६८१।२०८०।३।२१ | मागमा आधारित कार्यक्रम | दुध ढुवानीमा अनुदान (१०० प्रतिशत) असुल गर्नेमा राखेपनी हुने | ३३५०० |
| ६८२।२०८०।३।२१ | फर्निचर खरिद | वडा नं ८ को कार्यालय (न्यू पुजा फर्निचर एण्ड फर्निसिङ्ग सेन्टर) | ८१३६० |
| जम्मा | | | २०६६३८६ |

| | |
|---|---|
| अनियमित भएको | २०,६६,३८६ |

३९ **वढी भुक्तानी -** स्वास्थ्य सम्बन्धी कार्यक्रममा सहभागी भएवापत रु ७०० का दरले भत्ता खर्च लेख्नुपर्नेमा रु १५०० का दरले भुक्तानी गरेकोले निम्नानुसार पदाधिकारी तथा कर्मचारीलाई बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| **गो.भौ.नं/मिति** | **कर्मचारीको नाम र पद** | **भुक्तानी हुनुपर्ने दर** | **भुक्तानी भएको दर** | **दिन** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| १५/७९।६।२५ | प्र.प्र.अ. गोकर्ण राज सुयल | ७०० | १५०० | ३ | २४०० |
| | हे.अ. नानीबाबु ढकाल | ७०० | १५०० | ३ | २४०० |
| | ज.स्वा.मि लक्ष्मी प्रसाद सेढाई | ७०० | १५०० | ३ | २४०० |
| १६/७९।६।२५ | डाटा भेरिफिकेशन | ७०० | १५०० | ३ | २४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | गोकर्ण राज सुयल | ७०० | १५०० | ३ | २४०० |
| | नानीबाबु ढकाल | ७०० | १५०० | ३ | २४०० |
| | लक्ष्मी सेढाई | ७०० | १५०० | ३ | २४०० |
| २४/७९।६।२५ | प्र.प्र.अ. गोकर्ण राज सुयल | ७०० | १५०० | ४ | ३२०० |
| | नानीबाबु ढकाल | ७०० | १५०० | ३ | २४०० |
| | लक्ष्मी सेढाई | ७०० | १५०० | ४ | ३२०० |
| १३०/८०।१।२१ | प्र.प्र.अ. गोकर्ण राज सुयल | १००० | १५०० | ५ | २५०० |
| | उपप्रमुख पुष्पराज खनाल | १००० | १५०० | १ | ५०० |
| | नगर प्रमुख खड्ग बहादुर गुरुङ्ग | १०० | १५०० | १ | ५०० |
| २०७/२०८०।१।२१ | प्र.प्र.अ. गोकर्णराज सुयल | ७०० | १५०० | १ | ८०० |
| | सि.अ.हे.ब. लक्ष्मी सेढाइ | ७०० | १५०० | १ | ८०० |
| | ज.स्वा.नि. कृष्ण बहादुर रानाभाट | ७०० | १५०० | १ | ८०० |
| | **जम्मा** | | | | ३१५०० |

असुल गर्नुपर्ने

४० **पदाधिकारीलाई दोहोरो सुविधा -** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासिक रुपमा पाउने सुविधाको व्यवस्था रहेको तथा दफा १४ मा पदाधिकारीले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेको छ। जसमा पदाधिकारीको मासिक रुपमा पाउने सुविधामा यातायात संचार लगायतका सुविधा उल्लेख भएको छ। पालिकाले तपशिलका पदाधिकारीलाई यातायातको शाधनको सुविधा उपलव्ध गराएको देखिन्छ भने मासिक रुपले यातायात खर्च पनि भुक्तानी गरेको देखिन्छ। यसरी दोहोरो परेको मासिक यातायात वापतको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु

| गो.भौ.नं/मिति | नाम र पद | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १७५/२०८०।२।२५ | नगर प्रमुख खड्ग बहादुर गुरुङ | २००० |
| | उपप्रमुख पुष्पराज खनाल | २००० |
| २५४/२०८०।३।१८ | नगर प्रमुख खड्ग बहादुर गुरुङ | २००० |
| | उपप्रमुख पुष्पराज खनाल | २००० |
| २७०/२०८०।३।२१ | नगर प्रमुख खड्ग बहादुर गुरुङ | २००० |
| | उपप्रमुख पुष्पराज खनाल | २००० |
| ३०६/२०८०।३।२१ | नगर प्रमुख खड्ग बहादुर गुरुङ | २००० |
| | उपप्रमुख पुष्पराज खनाल | २००० |
| ११५/२०८०।१।५ | उपप्रमुख पुष्पराज खनाल | १००० |
| | वडा नं १ विष्णु पौडेल | ७०० |
| | वडा नं २ लक्ष्मण शाही | ७०० |
| | का.स. विमला कुमाल | ७०० |
| | का.स. दिलमाया | ७०० |
| | का.स. सोचना लौडारी | ७०० |
| | वडा नं ६ गोविन्द चिलुवाल | ७०० |
| | वडा नं ८ कृष्ण बहादुर रानाभाट | ७०० |
| | वडा नं ५ शंख बहादुर सार्कि | ७०० |
| | का.प.स. कल्पना सुनार | ७०० |
| | का.प.स. नानु माया लामा | ७०० |
| जम्मा | | २४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

४१ **सम्पत्ति कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ मा एकिकृत सम्पत्ति कर तथा घर जग्गा कर सम्वन्धी व्यवस्था गरेको छ। पालिकाले एकिकृत सम्पत्ति कर तथा घरजग्गा कर सम्वन्धी कानून निर्माण गरेको देखिएन। पालिकाले कानूनको व्यवस्था भए अनुसार सम्पति करको दर निर्धारण गरी पालिकाभित्रका व्यक्तिको लगत राखी आय संकलन बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४२ **पारिश्रमिक कर कम कट्टी भएको -** आय कर ऐन २०५८ को दफा ८८ को उपदफा १ मा वैठक भत्ता तथा पटके रुपमा गरीने अध्यापन वापतको पारश्रमिक कर १५ प्रतिशत निर्धारण गरेको छ। पालिकाले तपशिलका विभिन्न भौचरबाट भुक्तानी गर्दा कम कर कट्टा गरी भुक्तानी गरेको देखिएकाले कम कट्टा भएको कर रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु

| **भौ नं। मिति** | **विवरण (प्रशिक्षण वापत)** | **भुक्तानी भएको** | **काटिनुपर्ने कर** | **नपुग कर** |
|---|---|---|---|---|
| २३३।२०७९।८।२८ | वोराङखोला खेलकुद विकास समिति रेफ्रि गरे वापत | ३३००० | ४९५० | ४४५५ |
| ४६४।२०८०।१।२१ | खुला मेयरकप पुरुष भलिवल नव किरण युवा क्लव | १८००० | २७०० | २७०० |
| ४१२।२०७९।१२।२१ | दोश्रो खुला राइनास कप फुटवल प्रतियोगिता रेफ्रिको पारिश्रमिक कर गौलिटार क्षेत्रिय खेल मैदान समिति | १३७००० | २०५५० | २०५५० |
| ४५५।२०८०।१।१७ | राइनासकोट शिवरात्री मेला फुटवल तथा नृत्य प्रतियोगिता शिवसंकर युवा क्लव | ९०००० | १३५०० | १३५०० |
| ४६४।२०८०।१।२१ | वडा स्तरिय खुला मेयरकप पुरुष भलिवल प्रतियोगिता नव किरण युवा क्लव अग्रिम आयकर कट्टा नभएको | ६७८६ | १०१८ | १०१८ |
| जम्मा | | | | ४२२२३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,२२३ |

४३ **मेसिनले ग्राउण्ड खनेकोमा नाला खन्ने काममा मानिस प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ.न. ९२,२०७९।१२।१४ बाट ठूलो पोखरी खेल मैदान निर्माण गर्न रु. १९६२०० भुक्तानी दिएकोमा नरम र कडा माटो खन्ने काम पाङग्रे कालिका कन्स्ट्रक्सन प्रा लिको मेशिनवाट गरेको विल पेश भएको देखिन्छ। उपभोक्तालाई ग्राउण्डको भित्तामा नाला खन्ने काम गरेको भनी ४४.६१ घनमीटरको मानिसको दररेटको आधारमा रु. ५२७.१५ का दरले भुक्तानी दिएको देखिन्छ। यस सम्बन्धमा मेसिन प्रयोगको दररेट राखि भुक्तानी हुनुपर्ने अवस्थामा मानिसवाट गरेको देखाउदा बढि भुक्तानी भएको छ। मेसिन प्रयोग गरी मेसिनको दररेट प्रतिघनमीटर रु. ८०.८० का दरले भुक्तानी दिनुपर्नेमा रु. ४४६.३५ का दरले बढी भुक्तानी भएको रु.१९९१० मेसिनवाट गरीएको काम मानिस प्रयोग गरीएको दरले बढि भुक्तानी दिएको रकम रु. १९९१० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,९१० |

४४ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटरबाटो निर्माण गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खेलमैदान निर्माण, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखिछ। धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको देखियो। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनांका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ। केही व्यहोरा देहायअनुसार छनः

| **भौ न** | **निर्माण योजना** | **मेसिन प्रयोग** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३५ | सालफेदी खोलापोखो खोलाखेत सडक स्तरोन्नति | गोरखा लमजुङ निर्माण सेवा | १००००० |
| ८० | कोटेगाउँ कुलायन मन्दिर बदेली हुदै पन्थोक निस्कने सडक निर्माण योजना | पाङग्रे कालिका कन्स्ट्रक्सन प्रा.लि. | ८६०७० |
| ९६ | जैखेत सडक निर्माण | गोरखा लमजुङ निर्माण सेवा | १७४६४० |
| ११४ | पन्थेडाँडा गराखेत बाटो स्तरोन्नति | यु एम कन्स्ट्रक्सन प्रा.लि. | ४७०००० |
| १३० | राइनासकोट जाने सडक संभार योजना | रिदम कन्स्ट्रक्सन एण्ड हाउजिङ प्रा लि | ६००००० |
| १७७ | सार्कीकोट चौतारो बालुवा हुदै रामगाउँको जोडने सडक | स्नेहा कन्स्ट्रक्सन | १००००० |
| जम्मा | | | १५३०७१० |

४५ **योजना छनौट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण

अभिवृद्धि हुने विषयलाई उल्लेखनीय प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि ऐनमा भएको व्यवस्थालाई ध्यान दिई योजना छनौट गर्नुपर्दछ।

४६ **न्यून विजकिकरण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा खर्चको विल परीक्षण गर्दा जिल्ला दररेट भन्दा ज्यादै न्यून दरमा विजक पेश गरेको देखियो । जिल्ला दररेटमा ओ. पि. सि. सिमेन्टको प्रति बोरा रु. ८३० (भ्याट वाहेक) र पि. पि. सि. सिमेन्टको प्रति बोरा रु.७३० (भ्याट बाहेक) रहेकोमा पालिकाले देहायका उपभोक्तालाई सोही दरमा मु.अ.क. सहित भुक्तानी दिएको र उपभोक्ता समितिले न्युन दरको विजक पेश गरेकाले मुल्य अभिवृद्धि कर उपभोक्ता समितिलाई वढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| **गो भौ न। मिति** | **उपभोक्ता समिति** | **मुल्याङ्कन वमोजिम को भुक्तानी मु.अ. कर** | **उपभोक्ता समितले पेश गरेको विजकमा मु.अ. कर** | **फरक मु.अ.कर** |
|---|---|---|---|---|
| १६,२०७९।१०।०६ | सर्वोदय सेवा आश्रम | ३०४२८ | १५७६४ | १४६६४ |
| २१,२०७९।१०।२७ | महादेव मन्दिर निर्माण | १२९४८ | ९६५६ | ३२९२ |
| २४,२०७९।१०।२९ | जलबिरे तिनपिप्ले सिभिल बैक बसन्तावती देउराली ग्रामिण सडक | ३०३४४ | २१९८९ | ८३५५ |
| ४५,२०७९।१२।२२ | चक्रतिर्थधाम चिसापानी बोहोरागाउँ सडक स्तरोन्नति | २८०५४ | २०२०२ | ७८५२ |
| जम्मा | | १०१७७४ | ६७६११ | ३४१६३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,१६३ |

४७ **सम्झौतामा उल्लेख भए भन्दा बढी खरिद -** राइनास नगरपालिका र राष्ट्रिय बहुकृषि मौरी प्रजनन विकास संस्थासँग मौरी सहितको घार १८५ रु ७८१४ ले रु १४४५५९० खाली घार ११५ को रु २९५० ले रु ३३९२५० र रानी ढोका २६० को रु २०८०० समेत गरी रु १८१२८४० मा २०८०।१।२५ मा सम्झौता गरी ४५ दिनभित्र सम्पन्न गर्ने भनी उल्लेख भएकोमा खरिद गरी ल्याएको बिल अनुसार २४८ वटा मौरीको गोला सहितको घारको रु १९३७८७२ खाली घार १३८ को रु ४०७१०० र अन्य रानी ढोका सहित रु ४८८०० समेत रु २३९३७७२ खर्च गरेको बिल पेश भएको छ। सम्झौतामा उल्लेख गरीएभन्दा मौरी सहितको घार ६३ र खाली घार २३ बढी खरिद गरेको देखियो। सम्झौतामा उल्लेख गरीएभन्दा बढी खरिद गर्न आवश्यक पर्यो भने खरिद गर्न सकिने दरभाउपत्रमा उल्लेख गरेको कारणले बढी खरिद गरीएको उल्लेख गरेको छ। सम्झौतामा उल्लेख गरेभन्दा रु ५८०९३२ बढी खर्च गरेको देखियो। कृषकको योगदान ५० प्रतिशतले हुने भएकोले बिल रकमको ५० प्रतिशत ले रु ११६१५०० खर्च लेखेको छ। यसरी

सम्झौतामा उल्लेख गरीएभन्दा खरिद गर्नु उचित मानिदैंन। यसरी सम्झौता भन्दा बढी परिमाण खरिद गरी खर्च गर्नु नियमित मान्न सकिँदैन। यस्तो खर्चमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

४८ **१३१/२०८०।१।२१ अग्रिम कर-** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानीमा १.५ प्रतिशतले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले खड्का माई कृषि मेशिनरीबाट ५ वटा डिजेल इन्जिन, पावर टिलर खरिद गरी रु ४०००००  भुक्तानी गर्दा १.५ प्रतिशतले रु ६००० अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा अग्रिम आयकर कट्टा नगरेकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

४९ **नर्म्सको प्रयोग-** कार्यालयले सडक निर्माण योजना तर्फ विभिन्न निर्माण आइटमको दररेट राख्दा भवन विभागले तयार गरेको नर्म्स बमोजिमको दररेट राखी लागत अनुमान तयार गरेको छ। यस सम्वन्धमा केही योजना नमुना छनौट गरी परीक्षण गर्दा तपशिल बमोजिमका सडक निर्माणका कार्यमा भवन विभागको नर्म्स राखी लागत अनुमान तयार गरी सोही बमोजिम मुल्याङ्कन एवं भुक्तानी गरेको छ। कार्यालयले विभिन्न भौ नं वाट उपभोक्ता समितिले कन्क्रिटको काममा तल उल्लेखित घनमीटरको काम भएकोमा सडक विभागको दररेट प्रयोग नगरी भवन विभागको नर्म्स प्रयोग गरेको अवस्थामा कार्यालयलाई बढी व्ययभार परेको अनियमित देखिएको रू.

| **भौ नं** | **उपभोक्ता समितिको नाम** | **विवरण** | **परिमाण (घ.मि)** | **भवन विभागको दर** | **सडक विभागको दर** | **फरक रकम** |
|---|---|---|---|---|---|---|
| ७८ | चालिसे खहरे गैरीगाउँ लुपुगाउँ सडक स्तरोन्नति | पिसिसि १:३:६ | २२.०२ | १०९४२.८५ | ८९५७ | ४३७१० |
| ८१ | दालफाँट फोक्सिङ चेपे सडक स्तरोन्नति | पिसिसि १:३:६ | ६.४८ | १०९४२ | ८९५७ | १२८६३ |
| ९३ | उपल्लोफाँट ठूलो बगैचा पाडेबेसी जुडीखेत सडक | Stone Masonry 1:6 | १५.९६ | १०२४५ | ८६७२ | २५१०५ |
| ९५ | सडक मर्मत सम्भार वडा २ | Stone Masonry 1:4 | १७.५ | ११५५२ | १०३२० | २१५६० |
| १०४ | बोरांगखोला घिमिरेगाँउ लिडेपाटि खडकागाउ ढकालटोल भालायखर्क मोटरबाटो स्तरोन्नति | पिसिसि १:३:६ | २२.४८ | १११२४ | ९१६३ | ४४०८३ |
| १४४ | घोरेटारी चौर ब्रदल हुदै साविक तार्कुघाटको रिङरोड | Stone Masonry 1:4 | ३२.०१ | १०७६६ | ९१९५ | ५०२८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६७ | प्याराजुङ सािवक ६,७ र ८ तथा वडा कार्यालय जाने मोटरबाटो निर्माण | Stone Masonry 1:4 | ९०.५६ | ११५५२ | १०३२० | ११११५७० |
| १९८ | लामापाटा ढाँडखर्क हुदै गैरीगाउँ हुदै ज्यामिरे सडक निर्माण योजना | पिसिसि १:३:६ | १९.०५ | ११५११ | ९५७१ | ३६९५७ |
| ४३१ | निकासेडाडाबाट कालिरह सम्मको पक्की मोटरबाटो नाली निर्माण | पिसिसि १:३:६ | १३.७ | ११६६० | ९७८२ | २५८२७ |
| २७५ | बालुवाचोक नहरडिल महादेव मन्दिर जाने मोटरबाटो | Stone Masonry 1:6 | १०.७२ | १०६३० | ९८०० | ८८९८ |
| २९० | कुसुण्डे रिंगरोड नयापौवा सडक | Stone Masonry 1:6 | १३.०४ | १००६२ | ९५७४ | ६३६४ |
| २९५ | साविक वडा ७ को मोटरबाटो मर्मत | पिसिसि १:२:४ | ९.४२ | १३०५७ | १११७३ | १७७४७ |
| ३०४ | भैरवस्थान साततले कुँडुले सडक स्तरोन्नति | Stone Masonry 1:6 | २९.५९ | १११९३ | ९५८२ | ४७६७० |
| २४ | जलविरे तिनपिप्ले सिभिल बैंक हुदै बस्तावती देउराली सडक स्तरोन्नति | पिसिसि १:३:६ | २९.१८ | १११६६ | ९१८१ | ५७९२२ |
| ४५ | चक्रतिर्थधाम चिसापानी बोहोरागाउँ सडक स्तरोन्नति | पिसिसि १:३:६ | २७.१७ | १११२४ | ९१६३ | ५३२८० |
| | | Stone Masonry 1:6 | १५.३३ | १०५२० | ८५८९ | २९६०२ |
| जम्मा | | | | | | ५९३४४५ |

| | |
|---|---|
| अनियमित भएको | ५,९३,४४५ |

५० **नापी भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँपजाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले देहायको योजनाहरुमा नापी भन्दा बढी परिमाणमा भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु. १६४३१ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ.न. | योजनाको नाम | कामको विवरण | भुक्तानी परिमाण | हुनुपर्ने परिमाण | फरक | भुक्तानी दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ७२ | तेवा छेम्वो गुम्वा निर्माण | १२.५ मिमि को प्लाष्टर | १८८.५२बमि | १८०.७६.बमि | ७.७७बमि | 406.7४ | ३१६० |
| ७३ | बुढीचौर खोलादेखी डाडागाँउ सडक र नहरडिलदेखि लामागाँउ सडक स्तरोन्नति | ग्याविन जाली भर्ने | १०.५२ घमि | ९ घमि | १.५२ घमि | ३०८३ | ४६८५ |
| ३ | सिमलचौर नारीघाट समुदायिक भवन निर्माण | १२.५ मिमिको प्लाष्टर | १३२.७८ वमि | १२६.३६ | ६.४२ बमि | ५०१.७९ | ३२२१ |
| २१५ | जेठाक आमा समुह भवन | १२.५ मिमि को प्लाष्टर | १२९ वमि | १२२.८७ बमि | ६.१३वमि | ५०१.७९ | ३०७० |
| ५९९ | शारदा मावि भवन | पेन्टिङको काममा | १५१.१३ बमि | १४४.८२ बमि | ६.३१बमि | ३६३.८३ | २२९५ |
| जम्मा | | | | | | | १६४३१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,४३१ |

५१ **नर्म्स भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यलयका देहायका योजनामा उपभोक्ता समितिले पेश गरेको विल भरपाई परीक्षण गर्दा जिल्ला दररेट भन्दा कममा निर्माण सामग्री खरिद गरेको देखिएकोले सोही अनुसार दर विश्लेषण गरी भुक्तानी गर्नुपर्नेमा बढी दररेट कायम गरी लागत अनुमान तयार गर्नुका साथै सोहि बमोजिम मुल्याङ्कन एवं भुक्तानी गरेको छ। यसरी बढी दररेटको आधारमा मुल्याङ्कन गर्दा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ। यसर्थ तपशिल बमोजिम बढि भुक्तानी भएको रु. ४३३६५ रकममा उपभोक्ताको १० प्रतिशत अंश कट्टा गरी रु ३९०३० असुल गर्नुपर्ने रु

| भौ न | निर्माण योजना | कामको विवरण | परिमाण | मुल्याङ्कन दर | हुनुपर्ने दर | फरक दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | सन्तानेश्वर शिवालय मन्दिर व्यवस्थापन समिति | पिसिसि १:२:४ | १८.३४ | १५३५१ | १३६९५ | १६५६ | ३०३७० |
| १८९ | सग्रवास आमा समुह भवन निर्माण | पिसिसि १:२:४ | ७.०४ | १४७५१ | १२९०५ | १८४६ | १२९९५ |
| जम्मा | | | | | | | ४३३६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,३६५ |

५२ **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु २५ लाख रुँपैया सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।पालिकाले रु १५२६०२० का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी व्यहोराहरु निम्नानुसार छन :-

♣ खरिद गरेका उक्त औषधि कुन कम्पनीबाट उत्पादन भएको हो सो को मुल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको समेत नदेखिएको

♣ आपुर्ति हुने औषधिको उत्पादन मिति व्याच नम्बर म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रिको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

♣ आपुर्ति भएका औषधि तथा सर्जिकल सामान स्टोर दाखिला हुन अगाडि स्पेशिफिकेशन अनुसार भए/नभएको, नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

♣ औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

♣ औषधिको खर्च घटाउँदा माग फारमको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको।

औषधि खरिदको केही उदाहरण देहायअनुसार रहेको छः

| **भौ नं।मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| ४४१।२०८०।१।७ | औषधि खरिद | युनिग्लोव हेलथ केयर प्रा ली | ७३४७५१ |
| ६२६।२०८०।३।१६ | औषधि खरिद | रेसिका ट्रेड सर्कल प्रा ली | १९९६८६ |
| ६९९।२०८०।३।२२ | औषधि खरिद | युनिग्लोव हेल्थकेयर प्रा ली (EGP) | ५९१५८३ |
| जम्मा | | | १५२६०२० |

५३ **म्याद थप -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधिभित्र काम पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। तर देहायका ठेक्काको म्याद समाप्त भैसकेको र म्याद थपको लागि निवेदन नगरेको कारणले नियम १२१ वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ती लगाई म्याद थप गर्नुपर्ने देखिन्छ।

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| वडा नं ३ स्वास्थ्य चौकी भवन | भक्ति कन्सट्रक्सन | २०७९।९।११ | २०८०।३।१६ | ३८६७३३२ | ३००४५९६ |
| नगरगाँउ उपल्लोफाँट चक्रपथ निर्माण | राइनास कन्सट्रक्सन | २०७९।९।८ | २०८०।३।१६ | ६४५६८२ | ५१३१५४९ |
| वोराङ प्याजुङ चक्रपथ निर्माण | सुन्दर निर्माण सेवा | २०७९।९।२८ | २०८०।३।१६ | २७१२८४६६ | ५४२२७८७ |
| ल्याण्ड फिल पार्क निर्माण | पाखिन निर्माण सेवा | २०७९।१२।२१ | २०८०।३।१५ | ७७४३७७७ | ५५२८२३० |
| प्रशासनिक भवन निर्माण | कंचनजंघा निर्माण सेवा | २०७६।६।२ | २०७९।५।३० | ४५९५८९०५ | ३७३०२७९६ |
| १५ शैया अस्पताल निर्माण | ए एम पाइनस जे भी | २०७८।३।१३ | २०७९।८।२८ | १००६५३७४० | ८८७३०९१५ |

५४ **सामान मौज्दात -** पालिकाले खरिद गर्दा खरिद योजना वनाई आवश्यकता र औचित्यताका आधारमा खरिद गर्नुपर्दछ। खरिद गर्दा मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ। पालिकाले देहाय अनुसारका ग्यावियन जाली कार्यालयमै मौज्दात रहने गरी खर्च लेखेकोमा ति ग्यावियन जाली कुन कुन कार्यक्रममा प्रयोग गरीयो प्राविधिकबाट मूल्याङ्कन गराई खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु

| **गो भौ नं।** | **मिति** | **सामानको नाम** | **परिमाण** | **दर** | **सप्लायर्सको नाम** | **रकम** |
|---|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७०७।२०८०।३।२३ | ग्याबियन जाली १.५*१*१ | ३४४० | २९९.४५ | मुस्ताङ जि आइ वायर इन्डस्ट्रिज एण्ड सप्लायर्स | १०३०१०८ |
| १०२।२०८०।३।२५ | जाली जि आई | | | मुस्ताङ जि आई | ११९७००० |
| १०२।२०८०।३।२५ | पाईप खरिद | | | हार्डवयर सप्लायर्स | ५३२२०० |
| जम्मा | | | | | २७५९३०८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,५९,३०८ |

५५ **बिल भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँपजाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले भौ.न. ५२,२०७९।१०।११ बाट नहरडिल लामागाँउ सडक स्तरोन्नती उपभोक्ता समितिमार्फत कार्य गरी रु. २००००० भुक्तानी गरेको देखिन्छ। उपभोक्ता समितिले पेश गरेको विल भरपाई परीक्षण गर्दा २*१*१ को जाली १४ वटा मात्र खरिद गरेकोमा विल भुक्तानी गर्दा १५ वटा जालीको मुल्याङ्कन गरी भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु. ९४४० असुल गरी दाखिला गर्नुपर्ने रु.

| सि.न. | कामको विवरण | भुक्तानी परिमाण | हुनुपर्ने परिमाण | फरक परिमाण | भुक्तानी दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | ग्याविन जाली खरिद गर्ने काम | १६५ वमि | १५४ बमि | ११ बमि | ३२२.०५ | ३५४३ |
| २ | ग्याविनमा ढुङ्गा भर्ने काम | ४२ घमि | ४० घमि | २ घमि | २९९८.७२ | ५९९७ |
| जम्मा | | | | | | ९४४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४४० |

५६ **१५ शैयाको अस्पतालमा डण्डीमाको काम -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। ठेक्का न. RAINAS/NCB/W/02/077-78 बाट निर्माण व्यवसायी ए एम पाइनास जे भि सेवासँग २०७८।०३।१३ मा रु. १००६५३७४०।०३ (मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम बाहेक) सम्झौता गरेको देखियो। हाल सम्म नवौ रनिङ विल वापत रु. ८८७३०९१५।२५ भुक्तानी भएको देखिन्छ। साथै भवन विभागवाट जारी भएको स्फेसिफिकेशनमा १२mm भन्दा सानो साईजको डण्डीमा ल्यापिङको पार्ट छुट्टै

मापन गरी भुक्तानी गर्न नमिल्ने उल्लेख भएकोमा कार्यालयले १२mm भन्दा सानो साइजको डण्डीमा ल्यापिङ पार्ट समेत मुल्याङ्कन गरी २८७३११ केजी नापी गरेकोमा सम्झौता परिमाण बमोजिम २६५४८८ केजीको मात्र भुक्तानी गरेको देखियो। भेरियसन स्विकृत पछि भुक्तानी दिदाँ भवनको स्फेसिफिकेशन बमोजिम १२mm भन्दा सानो साइजको डण्डीको ल्यापिङ पार्ट घटाई भुक्तानी दिनुपर्ने देखिन्छ।

५७ **सुरक्षित नागरीक आवास कार्यक्रम -** नागरीकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धि ऐन २०७५ बमोजिम उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्न गरीबीको रेखामुनि रहेका, प्रकोपका कारण घरबार बिहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्रीहरु खरिद गरी पराल वा खरको छाना भएका घर परिवारलाइ जस्ताको छानामुनि ल्याउने उदेश्यले यो कार्यक्रम संचालन भएको र कार्यक्रम कार्यान्वियन गर्नको लागि सुरक्षित नागारिक आवास कार्यविधि २०७५ लागु गरेको देखिन्छ । गाउपालिका अन्तर्गत फुसको छाना विस्थापित गराउने गरी ९ जना लाभग्राहि छनोट भइ पुरैले अनुदान रकम रु ७५००० मध्ये प्रथम किस्ता बापत रु ४५००० र दोश्रो किस्ता बापत रु ३०००० प्राप्त गर्ने उल्लेख छ । सुरक्षित नागरीक आवास कार्यान्वयन कार्याविधि २०७५ बमोजिम प्रथम किस्ता प्राप्त गरेको तर सो रकमले जस्तापाता र काठ लगायतका सामाग्री खरिद गरी दोश्रो किस्ता दिनुपर्ने उल्लेख छ। सुरक्षित नागरीक आवास कार्यान्वन कार्यविधि २०७५ को दफा ६ मा अनुदान रकम जुन प्रयोजनको लागि अनुदान उपलब्ध गराएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले तिन महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्नुपर्ने उल्लेख छ। लाभग्राहीलाई प्रथम किस्ता वापतको रकम भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म जस्तापाताले छाएको घर नवनाएकोले प्रथम किस्ता लिएका ९ जनाको रु ३०००० का दरले रु २७०००० असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७०,००० |

५८ **ननफाइलर -** मुल्य अभिबृद्धि कर ऐन, २०५२ मा भुक्तानीमा प्राप्त मुल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तारिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण व्यवसायीलाई मुल्य अभिबृद्धि कर रु. ११२६७५ समेत रु. ९८७३९४ भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमार्फत प्यान सर्च गरी हेर्दा उक्त निर्माण कम्पनी लेखापरीक्षण अवधिसम्म (२०८०।१०।१०) ननफाइलर रहेकोले मु अ कर वापतको रु. ११२६७५ रकमको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी भएको मु अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| **भौ न ।मिति** | **भुक्तानी पाउनेको नाम** | **भ्याट न** | **नन्फाइलर रहको मिति** | **भुक्तानी भएको रकम** | **मुल्य अभिबृद्धि कर रकम** |
|---|---|---|---|---|---|
| १४६,२०८०।०२।०१ | सप्तकोशी बिल्डर्स | ६०६७४६८६९ | २०७९।M।१० | ५९९५६२ | ६८१७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७४,२०८०।०३।२० | टार्जन कन्सट्रक्सन | ६१०२९३२५४ | २०८०।M।३ | ३८७८३२ | ४४५०२ |
| जम्मा | | | | ९८७३९४ | ११२६७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,६७५ |

५९ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँपजाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले भौ.न १२९, २०८०।०१।१७ बाट नहरडिल लामागाँउ सडक स्तरोन्नति उपभोक्ता समितिमार्फत कार्य गरी रु. २००००० भुक्तानी गरेको देखिन्छ। उपभोक्ता समितिले पेश गरेको विल भरपाई परीक्षण गर्दा २१९ वर्गमिटरको जाली खरिद गरेकोमा विल भुक्तानी गर्दा २२८ वर्गमिटर जालीको मुल्याङ्कन गरी भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु. ६३७७ असुल गरी दाखिला गर्नुपर्ने रु

| सि.न. | कामको विवरण | भुक्तानी परिमाण | हुनुपर्ने परिमाण | फरक परिमाण | भुक्तानी दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | ग्याविन जाली खरिद गर्ने काम | २२८ वमि | २१९बमि | ९ बमि | ३२२ | २८९८ |
| २ | ग्याविनमा ढुङ्गा भर्ने | ४१ घमि | ४० घमि | १ घमि | ३२७९ | ३४७९ |
| जम्मा | | | | | | ६३७७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३७७ |

६० **वढी भुक्तानी -** ३६/२०७९।९।३ आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि युनिग्लोब हेल्थ केयर प्रा.ली. सँग भएको सम्झौता अनुसार राष्ट्रिय पत्रपत्रिकामा कार्यालयले माग गरेको बिक्री मूल्यमा औषधिमा १६ प्रतिशत छुट दिन सकिने उल्लेख भएकोमा रु १०००००० को औषधिमा १६ प्रतिशतले रु १६०००० छुट दिई बाँकी रु ४०००० भुक्तानी गर्नुपर्नेमा १६ प्रतिशतले घटाई भुक्तानी गर्नुपर्नेमा १४ प्रतिशतले घटाई भुक्तानी गरेको देखिएको र सो औषधि मध्ये केही औषधिको नमुना परीक्षण गर्दा १४ प्रतिशतले मात्र छुट दिएको देखिदाँ २ प्रतिशत बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

६१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी विवरण राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक राख्नुपर्दछ।

**ठेक्का व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ (७) बमोजिम बार्षिक कार्यक्रम तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउदा कार्यान्वयन गरीने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था खरिद विधि छनौट प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आवहान गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिभित्र संम्पन्न गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले लगाएका १७ ठेक्काको अवस्था निम्न अनुसार रहेका छनः

| सि. नं | निर्माण योजना | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | ठेक्का सम्पन्न गर्नुपर्ने अवधी | हालसम्मको भुक्तानी | म्याद थप |
|---|---|---|---|---|---|---|---|
| १ | राईनास नगरपालिका वडा नं ३ मा तरकारी र फलफुल संकलन केन्द्र निर्माण | जाल्पा देवी निर्माण सेवा | ५९०९६६० | २०७९।०४।१९ | २०८०।०३।१५ | ५७७३३९५.७५ | छैन |
| २ | धमेलिकुवा स्वास्थ्य चौकी भवनलाई १५ शैयाको अस्पताल मा स्तरोन्नति | भगवती निर्माण सेवा | ७९५००९९९ | २०७९।०८।२६ | २०८१।०१।२० | १५५२३२४१.८८ | छैन |
| ३ | राइनास नगरपालिका वडा ३ को भवन निर्माण | भक्ति कन्स्ट्रक्सन | ३५९९०३६ | २०७९।०९।११ | २०८०।०३।१५ | ३११४६६३.३८ | छैन |
| ४ | राइनास नगरपालिका वडा नम्बर ३ मा | भक्ति कन्स्ट्रक्सन | ३८६७३३२ | २०७९।०९।११ | २०८०।०३।१५ | ३००४५९६.४० | २०८०।०३।१६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य चौकी भवन निर्माण | | | | | | | |
| ५ | बगरगाउ उप्पलोफाट चक्रपथ निर्माण ७ | राईनास कन्स्ट्रक्सन | ६४७५६८२ | २०७९।०९।०८ | २०८०।०३।१५ | ५१३१५९४.१० | २०८०।०३।१६ |
| ६ | बोराङ प्यारर्जुङ चक्रपथ निर्माण | सुन्दर निर्माण सेवा | २७१२८४६६ | २०७९।०९।२८ | २०८०।०३।१५ | ५४२२७८७.४० | २०८०।०३।१६ |
| ७ | प्रशासनिक भवनको विस्तृत नेटवर्किङ | सप्तकोशी बिइल्डेस | ६०५११५ | २०७९।०९।१४ | २०७९।१२।१५ | ५९९५६२ | छैन |
| ८ | सिसु विद्यालय को छात्रावास र चारैतिर पर्खाल निर्माण | सुन्दर निर्माण सेवा | ३९६४४३४५ | २०७९।११।०२ | २०८१।०२।३० | ६६१५१९४.५६ | छैन |
| ९ | वडा नम्बर ७ को भवन निर्माण | जाल्पा देवी निर्माण सेवा | ३८३३८४३ | २०७९।१०।१९ | २०८०।०३।१५ | ३७८४८३७.४४ | छैन |
| १० | राईनास नगरपालिकामा कोल्ड स्टोर निर्माण | सुन्दर निर्माण सेवा | २७७४५६९६.७ | २०७९।१२।१४ | २०८०।१२।१५ | ८२१५९४९ | छैन |
| ११ | रुद्र मा बि विद्यालय निर्माण | मल्टी इन्जिनियरिङ्ग | ४२५२६३९ | २०७९।१०।१७ | २०८०।०२।३० | ४५३८०४२ | छैन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निर्माण सेवा | | | | | |
| १२ | नयाँ वडा कार्यालय जाने बाटो | सोम एंड अमर कन्स्ट्रक्सन | ९९४१८५ | २०७९।१०।१९ | २०८०।०२।१५ | ९९८४५४.४ | छैन |
| १३ | बुद्ध मिलन विद्यालय भवन निर्माण | मल्टी इनजीनियरिंग निर्माण सेवा | २९८८०३० | २०७९।११।०२ | २०८०।०३।१५ | २७३९६५०.६९ | छैन |
| १४ | ल्याण्ड फिल पार्क निर्माण | पाखिन निर्माण सेवा | ७७४३७७७.१६ | २०७९।१२।२१ | २०८०।०३।१५ | ५५२८२३० | २०८०।०३।१६ |
| १५ | राइनास नगरपालिकाको औंधिग्राममा मासु प्रशोधन ब्लक निर्माण | मल्टी इनजीनियरिंग निर्माण सेवा | १४६२८७४०.३७ | २०८०।०१।२५ | २०८०।०६।३० | ६२८२९४७ | २०८०।०६।२९ |
| १६ | राइनास प्रशासनिक भवन | कन्चंजग्गा निर्माण सेवा | ४५९५८९०५.१८ | २०७६।०६।०२ | २०७९।०६।०२ | ३७३०२७९६.६७ | २०७९।०५।३० |
| १७ | राइनास नगरपालिकामा १५ शैया अस्पताल निर्माण | ए एम पाइनास जे.भि. | १००६५३७४०.०३ | २०७८।०३।१३ | २०७९।०९।०१ | ८८७३०९१५.२५ | २०७९।०८।२८ |

प्रथम चौमासिक अवधिमा एउटा मात्र ठेक्का व्यवस्थापन गरिएको दोश्रो चौमासिक अवधिमा रु १७२८८९६७२ को ११ वटा ठेक्का व्यवस्थापन भएको र तेश्रो चौमासिक अवधिमा रु ५०११८२१३ का ३ ठेक्का व्यवस्थापन गरिएका समेत १५ वटा ठेक्का व्यवस्थापन भएको देखियो। तोकिएको समयमा ठेक्का व्यवस्थापन नगर्दा काममा ढिलाई भएको, तोकिएको गुणस्तर कायम गर्न कठिनाई परेको, योजना अनुगमन

गर्न समेत कठिनाई परेको देखिएकोले नियमावलीले व्यवस्थापन गरे अनुसारको समयमा ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

६२ **नदीजन्य पदार्थ तथा प्राकृतीक स्रोत -** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ। गण्डकी प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उख्खनन कार्यको लागि ठेक्का बन्दोवस्त गर्दा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनले निर्धारण गरेको परिमाण बमोजिम मू .अ कर बाहेक प्रति क्यूफिट दर रु ७ कायम गरी न्यूनतम मूल्यांकन कायम गरी ठेक्का प्रकृया अगाडी बढाई राजश्व संकलन गर्ने तथा सोको अनुगमन मूल्याङ्कन लगायतका सम्पूर्ण अधिकार सम्बन्धित स्थानीय तहको हुने कुरा उल्लेख गरेको छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लैट, डुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक बातावरणीय परीक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट संचालन गर्ने योजनाहरूमा पालिका क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्ने देखियो।

६३ **राजस्व ढिला दाखिला -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न वाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको नमुना छनौट गरी परीक्षण गर्दा वडा न. ९ र १० बाट संकलन गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।संकलन भएको राजश्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ। केही उदाहरण निम्न छनः

| संकलन गर्ने | राजस्व दाखिला | दाखिला मिति |
|---|---|---|
| वडा न.९ | २५१२५ | २०७९।४।२४ |
| | ४२६८२.५६ | २०७९।६।६ |
| | ३५६६५ | २०७९।७।२५ |
| | ५८३८४ | २०७९।१०।१५ |

| | | |
|---|---|---|
| वडा न.१० | २९९६५ | २०७९।६।७ |
| | १५८७५८ | २०७९।११।१५ |
| | ६४६१५ | २०७९।१२।१ |

नोटः वडा नं ९ मा वडा सचिव नभएको कारणले स्वास्थ्यको कर्मचारीलाई थप जिम्मेवारी दिएको कारण काममा ढिलाई भएको कार्यालयको भनाई रहेको छ।

६४ **भत्ता वितरण -** सामाजिक सूरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सूरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सूरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सूरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था छ। पालिकाका १० वडा मध्ये १ देखि ९ सम्म हिमालयन बैंक लिमिटेड राइनास शाखा र वडा १० हिमालयन बैंक गौडा शाखाबाटबाट वितरण गरेको छ।

६५ **२९३/२०८०।३।२३ भाडा कर -** धान बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत खडक माई मेशिनरीबाट २ वटा मिनि ट्रिलर र गंगा एग्रो फर्मबाट ५ वटा स्पेयर खरिद गरी रु १३५००० भुक्तानी गर्दा उक्त सामान ढुवानी गरेको भनी गौरी कटुवा भक्तिने कृषक समुह मार्फत कार्य गराउँदा ढुवानी वापत रु ४५००० लोक बहादुर तामाङ्गलाई उपलब्ध गराउँदा ढुवानीमा १० प्रतिशत भाडा कर वापत रु ४५०० भाडाकर कट्टि गर्नुपर्नेमा सो कर कट्टि नगरेकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५०० |

६६ **मृत्यु पश्चात भत्ता भुक्तानी -** सामाजिक सूरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सूरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सूरक्षा भत्ता सम्वन्धितवाट असुल गरी संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| स.न. | वडा न. | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | नागरीकता न. | मृत्यु मिति | बढी बुझेको त्रैमासिक | बढी बुझेको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ६ | जेष्ठ नागरीक | कुल माया थपलिया | ५६१ | २०७९।०६।१० | पहिलो र दोस्रो | १४६६० |
| २ | ८ | जेष्ठ नागरीक | ज्यानकाजी पिया | ६८२० | २०७९।०६।०२ | पहिलो | ३७२५ |
| ३ | १० | जेष्ठ नागरीक | शमशेर गुरुङ्ग | ४०११ | २०७९।०९।०५ | दोस्रो र तेस्रो | १५३२५ |
| ४ | १० | जेष्ठ नागरीक | क्षेत्र बहादुर गुरुङ्ग | १०९८५ | २०७९।०९।१८ | दोस्रो तेस्रो | १३५९६ |

| जम्मा | ४७३०६ |
|---|---|

| असुल गर्नुपर्ने | ४७,३०६ |
|---|---|

६७ **कृषि तथा पशु अनुदान -** सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवम् समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवम् अनुगमन हुनुपर्दछ। सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ। साथै अनुदानमा बिउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ। अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले कृषि तथा पशुपालन सम्बन्धी अनुदान वितरण गरेको केही नमुना परीक्षण गर्दा कृषक समुह समितिलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्येश्य अनुरुप अनुदानको सदुपयोग भएको हो होइन यकिन गर्न सक्ने गरी अनुगमन तथा मूल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैंन। यसमा पालिकाले अनुदान दिएको रकमको सही सदुपयोग र प्रभावकारिताको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिनुपर्ने देखिन्छ।

| **गो.भौ.नं/मिति** | **विवरण** | **वितरित स्थान** | **जम्मा** | **५०% अनुदान** |
|---|---|---|---|---|
| ५८/२०७९।१०।१९ | घाँसको विउ १८५० के.जी. | विभिन्न वडा | १७५७५० | ८७८७५ |
| ७४/२०७९।११।१९ | किविखेति (कुँडुले कृषि फलफुल तथा अलैंची उत्पादक कृषक समुह) | वडा नं ९ | ६००००० | ३००००० |
| १०२/२०७९।१२।२४ | धान गोदाम निर्माण | वडा नं ६ | ४००००० | २००००० |
| ११३/२०७९।१२।३० | भेडाको साँढे १ वटा घले कृषि फर्म | वडा नं ९ | ५२५०० | २६२५० |
| ९०/२०७९।१२।१४ | च्याउको विउ | सबै वडामा | १०८२४० | ५७९९० |
| १२१/२०८०।१।८ | बाख्रा ६ वटा | वडा नं २ र ६ | २६७३०० | १३३६५० |
| १३१/२०८०।१।२१ | मिनिलिटर खरिद | वडा नं १ | ४००००० | २००००० |
| २४१/२०८०।३।१६ | घाँसको विउ | विभिन्न वडा | १७५००० | ९७५०० |
| २००/२०८०।३।६ | बाख्रा पकेट कार्यक्रम पुराना खोर तथा खोर निर्माण तथा मर्मत बाख्रा पालन | वडा नं ९ र १० | १४२०९१७ | ७१०४५८ |
| १४६/२०८०।२।१ | माछा पालन | | १००१६० | १००१६० |

| | | | | |
|---|---|---|---|---|
| १६३/२०८०।२।१६ | कुखुरा खोर सुधार | वडा नं ६,८ र ९ बिभिन्न ६ जनालाई | ३६०००० | १८०००० |
| १६६/२०८०।२।१६ | गाई भैंसी गोठ सुधार | वडा नं १,३,५,६,९ र १० मा १० जनालाई | ८००००० | ४००००० |
| १६७/२०८०।२।१६ | मासु पसल सुधार | वडा नं ३,५,६ र ८ का विभिन्न ७ जनालाई | ४२०००० | १९७५०० |
| १८१/२०८०।२।२९ | गोठ सुधार | वडा नं ५ | ६०००० | ३०००० |
| | गोठ सुधार | वडा नं १ | ८०००० | ४०००० |
| २५०/२०८०।३।२२ | घाँस विरुवा | विभिन्न वडामा | ६०००० | ६०००० |
| २८०/२०८०।३।२२ | मिलिलिटर ६ वटा तथा हजारी ४०० वटा तथा मल औषधि समेत | विभिन्न वडामा | ८००००० | ४००००० |
| २८९/२०८०।३।२२ | मिनिलिटर, स्प्रेयर, त्रिपाल, मोटर, फाली समेत | विभिन्न स्थान | ६७०२४९ | ३५०००० |
| २९२/२०८०।३।२२ | तरकारी बाली प्रवर्द्धन | वडा नं ९ | ५१६४०१ | ४००००० |
| २९३/२०८०।३।२३ | धान बाली प्रवर्द्धन | वडा नं १ | | ३२०२१० |
| २९५/२०८०।३।२३ | धान बाली प्रवर्द्धन | वडा नं ६ | | १५०००० |
| २९६/२०८०।३।२३ | मौरी पालन राष्ट्रिय बहुकृषि तथा मौरी प्रजनन् विकास उद्योगबाट | वडा नं १,२ र १० | २३९३७७२ | ११६१५०० |
| ३८०/२०८०।३।२४ | घाँस खरिद नेपिएर | विभिन्न वडामा वडा नं १,२,३,४,५,६ | १३९५८० | १३९५८० |
| ६८६।२०८०।३।२१ | कृषि तथा पशुपंक्षी विकासको लागि सहकारी संस्थाको साझेदारीमा बाख्रा पालन कार्यक्रम | राईनास कृषि तथा पशुपंक्षी विकास सहकारी संस्था लिमिटेड | ८००००० | ४००००० |

| | | | | |
|---|---|---|---|---|
| ७१५।२०८०।३।२३ | गाई ढुवानीमा अनुदान कार्यक्रम (जिल्ला बाहिरबाट खरिद गरी ल्याइएका DDC लाई दुध बिक्री वितरण गर्ने किसानलाई प्रति पशु रु ५००० का दरले ढुवानी अनुदान उपलव्ध गराउने बार्षिक कार्यक्रम अनुसार) | धमिलिकुवा दुग्ध विकास कृषि समुह | १२०००० | १२०००० |
| | | हिमालयन एग्रो टुरिजम कम्पनी प्रा ली | ६०००० | ६०००० |
| | | जन विकास सहकारी संस्था लि | ३८०००० | ३८०००० |
| | **जम्मा** | | | ६५०२६७३ |

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन :-

• कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि तथा पशु बिमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि तथा पशु क्षेत्रमा विभिन्न अनुदान उपलब्ध गराएकोमा अनिवार्य बिमा गरेर मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एउटा सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग नगर्ने देखिएकोले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।

• एकै प्रकृतिका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकाबाट सञ्चालन गरेको भएतापनि कार्यक्रममा एकरुपता भएको देखिदैंन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकृतिको अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकाबाट खरिद नगरी कृषकले खरिद गरेका बिलका आधारमा अनुदान उपलब्ध गराउने देखिएको छ। साथै अनुदान दिने मापदण्डमा एकरुपता नहुँदा कुनै कार्यक्रममा लागत सहभागिता र कुनैमा शतप्रतिशत अनुदान कुनैमा ५० प्रतिशत अनुदान दिएकोले निश्चित मापदण्ड तथा कार्यविधि तयार गरी एकमुष्ट रुपमा प्रतिस्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।

• अनुदान दिने मापदण्डमा एकरुपता कायम हुनुपर्दछ।पालिकाले भौचर नं २८०।२०८०।३।२२ मा घाँसका विरुवा रु ६०००० र भौ नं ३८०।२०८०।३।२४ मा रु १३९५८० समेत रु १९९५८० मा ५० प्रतिशतले रु ९९७९० खर्च लेख्नु पर्नेमा पुरै खर्च लेखेकोले वढी भुक्तानी भएको रु ९९७९०

• कृषि तथा पशुपालनमा संलग्न कृषकको उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा उनीहरुको आयस्तर तथा जीवनस्तर वृद्धि गर्नका लागि कृषि अनुदान उपलब्ध गराएको देखिन्छ। पालिकाले अनुदान प्राप्त गर्ने लाभग्राहीको अभिलेख विवरण अद्यावधिक नगरेकोले वास्तविक अनुदान प्राप्त गर्ने लाभग्राही नै पाएको छ भन्न सक्ने अवस्था देखिँदैन। तसर्थ पालिकाले अनुदान पाउने कृषकहरुले विवरण अद्यावधिक गरी कृषि तथा पशुपालन सम्बन्धी अनुदान प्रक्रियालाई अनुदानमैत्री बनाउनुपर्दछ। साथै अनुदान संघ, प्रदेश र स्थानीय तहले अनुदान वितरण गर्ने हुनाले दोहोरो नपर्ने गरी अनुदान वितरण गर्नुपर्दछ।

६८ **वढी भुक्तानी**

६८.१ राइनास नगरपालिका वडा नं ९ मा तरकारी बाली प्रवर्द्धन गर्नको लागि तरकारी विकास पकेट कार्यक्रम सञ्चालन गर्न लागत साझेदारीमा पालिकाबाट ५० प्रतिशत रकम उपलब्ध गराउने र सो कार्यक्रममा पालिकाबाट रु ३००००० उपलब्ध गराउने भनी २०७९।१२।३० मा कुँडुले किवि फलफुल तथा अलैंची उत्पादक कृषक समुहसँग सम्झौता भएकोमा सो कार्यको बिल भुक्तानी गर्दा रु ४००००० भुक्तानी गरेकोले सम्झौतामा उल्लेख गरेभन्दा बढी भुक्तानी भएको रु १००००० उक्त समुहबाट असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

६८.२ सम्झौताको बुँदा नं ६ मा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रमको लागि लागत साझेदारीमा ५० प्रतिशत समुहले व्यहोर्ने उल्लेख भएकोमा जम्मा बिल रकम रु ५१६४०१ भएकोले सो को ५० प्रतिशतले रु २५८२०० भुक्तानी गर्नुपर्नेमा रु ४००००० भुक्तानी भएकोले सम्झौताको शर्त भन्दा बढी भुक्तानी भएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,८०० |

६९ **न्युन बिजकीकरण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका बिल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ता (विद्यालय व्यवस्थापन समिति) ले पेश गरेका विभिन्न निर्माण सामाग्री खरिदको बिल परीक्षण गर्दा पालिकाले आधार लिएको जिल्ला दर रेट भन्दा न्युन दरमा खरिद गरेको देखियो। पालिकाले बिल अनुसारको मूल्याङ्कन गरी न्युन बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ। यस सम्बन्धमा तल लेखिएबमोजिमका विद्यालयमा विद्यालय व्यवस्थापन समितिले पेश गरेको विभिन्न निर्माण सामाग्री बिलको आधारमा मुल्याङ्कन गर्दा रु ——.. बढी भुक्तानी भएको छ। यसरी उपभोक्ता समिति (विद्यालय व्यवस्थापन समिति) ले खरिद गरेको दर भन्दा बढी दर रहेको मूल्य अभिवृद्धि कर सहितको जिल्ला दर रेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा विद्यालय व्यवस्थापन समितिलाई मूल्य अभिवृद्धि कर वापतको रकम समेत भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु

| **गो.भौ.नं/मिति** | **विद्यालय को नाम** | **निर्माण सामाग्री** | **खपत परिमाण** | **मूल्याङ्कन दर** | **खरिद दर** | **फरक दर** | **बढी भुक्तानी** | **मू.अ.कर** |
|---|---|---|---|---|---|---|---|---|
| ७७/८०।३।३ | शैलपुत्री तथा सौभाग्यदय मा.वि शौचालय निर्माण | इट्टा | २१७५० | १८ | १०.१७ | ७.८३ | १५८७७५ | १८२६६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सिमेन्ट | ३५० बोरा | ९३८ | ६९९.४७ | २३८ | ८३३०० | ९५८३ |
| ९३/८०।३।१६ | सौभाग्यदयो मा.वि. भवन | इट्टा | ४४०५५ | १८ | ५.६५ | १२.३५ | ५४४०७९ | ६२५९३ |
| | | सिमेन्ट | १०३६ बोरा | ९३८ | ७६० | १७८ | १८४४०८ | २१२१५ |
| | **जम्मा** | | | | | | **९७०५६२** | **१११६५७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,११,६५७ |

७० **समानीकरणबाट शिक्षकको तलब भत्ता -** पालिकाले यस वर्ष पालिकाभित्रका विभिन्न विद्यालयहरुमा निजी श्रोतका शिक्षकहरुद्वारा विध्यालयमा पठनपाठन गर्नका लागि कार्यविधि वेगर तथा शिक्षाको गुणस्तरको आँकलन नगरी शिक्षकहरुको तलब बजेटमा व्यवस्था गरी भुक्तानी दिएको देखियो।प्रस्तावित विद्यालयका लागि समेत नगरपालिका तथा वडाहरुबाट समेत वजेट व्यवस्था गरी भुक्तानी गरेको पाइयो। प्रस्तावित माध्यामिक विद्यायलयको लागी शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा अन्य सम्बन्धित निकायमा पहल गरी माध्यामिक विद्यालयको दरबन्दी स्वीकृत गरी स्थायी शिक्षक नियुक्ती गरी तलब खर्च लेखुपर्नेमा पालिकाले आन्तरिक स्रोतको समेत ख्याल नगरी वडाबाट बजेट विनियोजन गरी माध्यामिक विद्यालय संचालन गर्ने नाममा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको परामर्श र विद्यालय संचालन गर्ने स्वीकृति वेगर अनुदान निकासा गरीएको नियम सम्मत नदेखिएको रु.

| गो भौ नं।मिति | विद्यालयको नाम | शिक्षक संख्या | रकम |
|---|---|---|---|
| २८२।२०७९।१०।४ | शिशु विद्याश्रम माध्यमिक विद्यालय | ४ जना | ६००००० |
| ३२२।२०७९।१०।२६ | ज्ञानोदय माध्यमिक विद्यालय | १ | १००००० |
| ३६३।२०७९।११।२६ | महेन्द्र वाल विकास माद्यामिक विद्यालय | १ | १००००० |
| ४४३।२०८०।१।८ | वसन्तावती प्रा वी रा न पा ५ | १ | १००००० |
| ५१३।२०८०।२।८ | प्रगति प्राथमिक विद्यालय | १ | २००००० |
| ५६९।२०८०।३।३ | इस्लामी इल्मी मदरसा प्रा वी | १ | १००००० |
| ६१५।२०८०।३।१३ | ज्ञानोदय माध्यमिक विद्यालय | १ | १००००० |

| | |
|---|---|
| जम्मा | १३००००० |

| | |
|---|---|
| अनियमित भएको | १३,००,००० |

७१ **सौभाग्यदयो माध्यमिक विद्यालय -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.१३ मा उल्लेख भए अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानका लागि तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पुर्वाधारहरु छात्रावास व्यवस्थापन शैक्षिक सुशासनका न्युनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने तथा यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी कार्य प्रगति पठाउने उल्लेख छ।पालिकाले ९ जना शिक्षकको तलब भत्ता वापत रु १९६००००। खर्च लेखेकोमा शिक्षकको नियुक्ति गरेको पत्र संलग्न नरहेको ।मेशिनरी सामान अल्फा ट्रेड कन्सर्नबाट रु ३९९९९६ के डी इन्टरप्राइजेजबाट डेल डक्सटप ४ को रु २१६०००, मोनिटर ४ को रु ५६०००, प्रोजेक्टर ५ पिस को रु २६७५००, रोशनराज फर्निचर पसलबाट फर्निचर रु २७१२० समेत रु ९६६६१६ विद्यालयको मुल जिन्सी खातामा आम्दानी बाँध्नुपर्नेमा लुज सिटमा आम्दानी बाँधी खर्च देखाउने गरेको विद्यालयले राइनास औषधि फार्मेसीबाट औषधि खरिद गरेको रु ३४१५३। को बिल संलग्न गरी खर्च देखाएकोमा यस्तो किसिमको औषधिको बिल राखेर खर्च गर्न नमिल्ने देखिएको शिक्षकहरुको लागि कम्प्युटर तालिम संचालन गर्ने उल्लेख भएकोमा सो क्रियाकलापमा खर्च गरेको नदेखिएको निजी स्रोतमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ता र चाडवाड खर्च तथा प्रोत्साहन भत्तामा खर्च गरेको पाइएकोले तथा कार्य प्रगति सहितको बजेट प्रस्ताव पालिकामा पेश नगरेको साथै ति शिक्षकहरु माग स आवश्यकताका आधारमा राखिएको हो होइन एकिन नगरी शिक्षक तलव भत्तामा खर्च लेखेको खरिद गरिएका मेशिनरी सामान ल्यापटप डेक्सटप विद्यालयको जिन्सी खातामा जिन्सी दाखिला गरेको प्रमाण पेश नभएकोले उक्त खर्चलाई नियमित मान्न सकिएन रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

७२ **नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.१३ मा उल्लेख भए अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानका लागि तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पुर्वाधारहरु छात्रावास व्यवस्थापन शैक्षिक सुशासनका न्युनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने तथा यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी कार्य प्रगति पठाउने उल्लेख छ। पालिकाले शैलपुत्री नमुना विद्यालयलाई रु ३००००००। अनुदान दिएकोमा भौतिक पुर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश नभएको सम्पादन गर्नुपर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता भएको नदेखिएको।पालिकाले विद्यालयले गरेको कामको अनुगमन गरी कार्य प्रगति नराखेको, विद्यालयले डेक्सटप १०, मोनिटर १०, किबोर्ड माउस १० ल्यापटप ह्वाइटवोर्ड, प्रिन्टर, टोनर समेत खरिद गरेकोमा ती सामानहरु विद्यालयको मुख्य जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश नभएको। विद्यालयका ७ जना शिक्षकलाई श्रावण देखि चैत्र चाडवाड तथा पोशाक भत्ता रु १२८५०० समेत रु १०१५०००।

कक्षा शिक्षक तथा तहगत शिक्षकको संयोजक भत्तामा रु ७८००० समेत रु १०९३०००। खर्च लेखेकोमा शिक्षक नियुक्ति पत्र र पाउने सेवा सुविधाको सम्बन्धमा उल्लेख नगरी खर्च लेखेको देखियो। साथै ती शिक्षकको नियुक्ती पत्र तलव भत्ता भुक्तानी गर्न मिल्ने नमिल्ने उल्लेख नगरी खर्च लेखेकोले उक्त खर्चलाई नियम सम्मत मान्न सकिएन रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

७३ **आई सी टि ल्याबको जिन्सी दाखिला -** आई सी टि ल्याबको रकम अनुदान दिएकोमा विद्यालयबाट उपकरण खरिदको बिल भरपाई पेश भएको छ। विद्यालयले खरिद गरेका कम्प्युटर उपकरण तथा सामाग्रीहरु तोकिएको स्पेशिफिकेशन बमोजिम प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection – PDI) पेश गरेको प्रमाण देखिएन। साथै विद्यालयले खरिद गरेको स्मार्ट बोर्ड ल्याबका सामाग्री जडान गरेको देखिएन। विद्यालयले ति ल्याबका सामान खरिद गर्दा Specification बमोजिमका सामान खरिद गरेको यकिन हुन नसकेको र खरिद गरीएका सामाग्रीहरु विद्यालयका मुख्य जिन्सी खाता तथा सामानहरुको अलग अलग जिन्सी खातामा जिन्सी सामानको मौज्दात रहने गरी अभिलेख देखिने बार जडान गरेको प्रतिवेदन तथा स्पेशिफिकेशन अनुसार सामान खरिद गरेको नदेखिएकोले प्राविधिकबाट स्पेशिफिकेशन अनुसार खरिद गरेको आई सि टी जडान गरेको विद्यालयको मुख्य जिन्सी खातामा दाखिला गरेको प्रमाण कागजात पेश हुनुपर्ने देखिन्छ रु

| **गो.भौ.नं/मिति** | **विद्यालयको नाम** | **सामानको नाम** | **रकम** |
|---|---|---|---|
| १७८/२०८०।२।२५ | भैरव माध्यमिक विद्यालय | फर्निचर | १५१००० |
| | | सिकाई सामाग्री | ४९९००० |
| १७९/२०८०।३।३ | शारदा माध्यमिक विद्यालय | फर्निचर | १५०००० |
| | | सिकाई सामाग्री | ५००००० |
| १९०/२०८०।३।३ | ज्ञानोदय माध्यमिक विद्यालय | फर्निचर | १५०००० |
| | | सिकाई सामाग्री | ५००००० |
| १९८/२०८०।३।३ | रुद्र माध्यमिक विद्यालय | फर्निचर | १५०००० |
| | | सिकाई सामाग्री | ५००००० |
| २०१/२०८०।३।६ | महेन्द्र बाल बिकास मा.वि. | फर्निचर | १५०००० |
| | | सिकाई सामाग्री | ५००००० |
| ७६/२०८०।२।३१ | सशर्त पुँजीगत महेन्द्र बाल विकास मा.वि. | आई.सि.टी. सामान | ६४८८६६ |
| जम्मा | | | ३८९८८६६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,९८,८६६ |

७४ **जडान बेगरको खपत -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको भौचर तथा मितिबाट एच डि पी ई पाइप खरिद गरेको देखियो। उक्त डि पी ई पाइप मौज्दात रहने गरी खरिद गर्नु उपयुक्त देखिएन। उक्त खरिद गरीएका पाइप कुन योजनाको लागि खरिद गरीयो खुल्न सकेन। पाइप खरिद गरेर जडान नगर्दा कामको प्रभावकारिता नहुने तथा खरिद गरीएको पाइप कुन योजनामा प्रयोग गरीयो, पाइप जडान गरेको प्राविधिक पुष्ट्याईं सहित प्रमाण पेश गर्नुपर्ने रु

| **गो.भौ.नं/मिति** | **पाइप साइज** | **रकम** |
|---|---|---|
| ११२/२०८०।३।२४ | २० एम एम ४००० मी. | २१६३२० |
| | ५० एम एम ६०० मी. | ८६५८० |
| | ६३ एम एम १००० मी. | २२९३०० |
| ११९/२०८०।३।२४ | ६३ एम एम पि एन १० २३०० मी. | ५९७८९९ |
| **जम्मा** | **७९०० मी.** | **११३००९९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३०,०९९ |

७५ **स्यानिटरी प्याड -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ कक्षा सम्मका छात्राहरुलाई निःशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था छ। सामुदायिक छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड वितरण गर्न १००००, प्याडको रु ३२२०५० मायुला मल्टी पर्पोज कम्पनी प्रा.ली. बाट खरिद गरी भुक्तानी गरेको देखियो। स्वास्थ्य तथा सर सफाईसँग जोडिएको विषय सेनेटरी प्याडमा स्पेशिफिकेशन नखुलाई खरिद गरेको छ। विद्यार्थी संख्या विद्यालयसँग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले सेनेटरी प्याडको सुरक्षित भण्डाँरण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिए अनुसार वितरण भए नभएको, अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्नुपर्नेमा सो समेत गरेको देखिएन।

७६ **७७/२०८०।३।३ इट्टा घटि खपत -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम बिल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ। निम्न गो.भौ.नं तथा मितिबाट इट्टाको बिल मूल्याङ्कन गरे अनुसार बिल पेश हुनुपर्नेमा घटि खपत भएको बिल भरपाई पेश भएकोले बिल भरपाई भन्दा बढी मुल्याङ्कन गरेको देखिएकोले प्राविधिक पुष्ट्याई सहित बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| **बिद्यालय** | **संख्या** | **इट्टाको बिल हुनुपर्ने** | **बिल भएको** | **नपुग इट्टा** | **रकम** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| शैलपुत्री तथा सौभाग्यदय मा.वि. शौचालय निर्माण | २१७५० | | १५००० | ६७५० | १२१५०० |
| सौभाग्यदयो मा.वि. | ४४०५५ | | २१००० | २३०५५ | ४१४९९० |
| **जम्मा** | **६५८०५** | | **३६०००** | **२९८०५** | **५३६४९०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३६,४९० |

७७ **९/२०७९।६।१२बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ५ चक्रतिर्थ आयुर्वेद औषधालयको बोर्ड निर्माण तथा भित्ते लेखन गरेबापत सनक बहादुर भण्डारीलाई रु १८०००। खर्च लेखेकोमा खर्चका बिल भरपाई संलग्न नगरी खर्च गरेकोले खर्च गरेका बिल भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,००० |

७८ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाली २०७७ को नियम ३९(५) अनुसार बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाएका विद्यालयमा देहाएका शिक्षकलाई पाउने तलब भन्दा बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| **विद्यालयको नाम** | **शिक्षकको नाम** | **रकम** |
|---|---|---|
| कालिका आधारभुत विद्यालय | आरति घिमिरे | ११६२ |
| रुद्र मा.वि. | नविन थपलिया | ११६२ |
| शिशु विद्यालय | निश्चल | ११६२ |
| विर भक्ति मा.वि. | सुमन श्रेष्ठ | २७३४ |
| जम्मा | | ६२२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२२० |

७९ **कृषक अभिलेख -** नेपाल सरकार तथा प्रदेश सरकार सम्वन्धी एकिकृत कार्यविधि २०७७ को वुँदा नं (१२)२ मा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम संचालन गर्दा अन्य कार्यालयसंग समन्वय गर्नुपर्ने तथा १२(३) मा एकै प्रकृतिको कार्यको लागि एक भन्दा वढी कार्यालयबाट अनुदान दिन नपाईने व्यवस्था गरेको छ। यो वर्ष संघीय सरकार र प्रदेश सरकारले संचालन गरेका कार्यक्रम तथा पालिकाले संचालन गरेका आयोजना कार्यक्रम तथा पालिकाले संचालन गरेका आयोजना कार्यक्रम, क्रियाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकहरुलाई पुरै वा आंशिक शशर्त निशर्त वस्तुगत नगद अनुदान तथा प्राविधिक सेवा

परामर्श सिप विकास तालिम दिएको थियो सो को व्यवस्थित अभिलेख राखी कृषकगत प्रोफाईल लगत राखेको देखिएन। कृषकगत लगत नराख्दा एकै प्रकृतिका कार्यक्रम एवं कृयाकलापहरुमा उही व्यक्ति संस्था तथा समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नु पर्ने कृषकहरुसम्म उक्त कार्यक्रमको पहुँचको अवसरबाट वञ्चित हुनुपर्ने देखिन्छ। तसर्थ कृषकगत प्रोफाईल लगत अभिलेख तयार गरी राख्नुपर्ने देखिन्छ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : राईनास नगरपालिका, लमजुङ , राईनास नगरपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Prakashraj Poudel | २०८०-६-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गोकर्ण राज सुयल | २०७८-९-२६ | २०८०-६-३ |
| लेखा प्रमुख | विशाल सुवेदी | २०७९-६-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,४५०,८८२ | १६,७८३,५२२ | ७,९१८,९४८ | ० | ० | ५,४१८,२०२ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३१,५७१,५५४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ११,००० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३१,५६०,५५४ |

स्थानीय तह :

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | ५८५७९६२५ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| संघीय सरकारबाट अनुदान | ४४०६०६८१२ | चालु खर्च | ३५३७७३५३८ |
| प्रदेश सरकारबाट अनुदान | २११४८७५० | पूँजीगत खर्च | २०४१८२३७१ |
| राजश्व बाँडफाँट | ७५४९३७७१ | वित्तीय/अन्य व्यवस्था | १८९४६१९४९ |
| आन्तरिक आय | ७२०३०६१.० | | |
| अन्य आय | २०९५८२६९८ | | |
| कुल आय | ७५४०३५०९२ | कुल खर्च | ७४७४१७८५८ |
| बाँकी मौज्दात | | ६५१९६८५९ | |